## परिच्छेद एक

### १.१ अध्ययनको पृष्ठभूमि

घरपरिवार बालबालिकाको पहिलो पाठशाला हो । बालबालिको सर्वाङ्गिण विकास पारीवारीक सेरोफेरोबाट हुन्छ । घरपरिवार बालबालिकाको पहिलो पाठशाला भए जस्तै प्राथमिक शिक्षा बालबालिकाको सुरुवातको औपचारिक शिक्षा हो । विश्वका हरेक राष्ट्रले प्राथमिक शिक्षालाई औपचारिक शिक्षाका रुपमा लिदै आएको छन् । शिक्षा लिने क्रममा कसैले घरपरिवारबाटै शिक्षाको सुरुवात गर्दछन् त कसैले पूर्वप्राथमिक विद्यालयबाट सुरुवात गर्दछन् । यसरी लिइने शिक्षालाई औपचारीक शिक्षा भन्न मिल्दैन किन भने यसको उद्देश्य प्राथमिक शिक्षाका लागि आवश्यक पूर्वाधार तयार गर्नु हो । त्यसैले पूर्वप्राथमिक शिक्षामा सिकाइने विभिन्न विषयहरुमा, भाषा, खेल र राम्रो आनिबानिको विकासमा जोड दिएको पाइन्छ । वर्तमान परिवेशमा शिक्षा अनिवार्य आवश्यकता भएको छ । त्यसैले यस्तो शिक्षा प्राथमिक शिक्षा उच्च शिक्षा हाँसिल गर्नका लागि समेत बलियो जगका रुपमा सावित भएको छ । प्राथमिक शिक्षाले बालबालिकाहरुमा, सांस्कृतिक, सम्वेगात्मक वौद्धिक, नैतिक, शारीरिक र सामाजिक विकास गर्न टेवा पुऱ्याउँदछ ।

प्राथमिक शिक्षा शिक्षाको जग हो । यसको उपयुक्त विकासले व्यक्तिको शैक्षिक विकासमा ठुलो सहयोग पुऱ्याएको हुन्छ । विभिन्न अध्ययन अनुसन्धानबाट प्रष्ट भएको छ कि जुन देशले प्राथमिक शिक्षालाई सर्वसुलभ, प्रभावकारी र व्यवस्थित बनाउन सकेका छन् ती देशहरु अन्य देशका तुलनामा अगाडी बढेका पाइन्छ । त्यसैले प्राथमिक शिक्षालाई प्रभावकारी र सवैसुलभ बनाउन नसकेसम्म त्यस भन्दा माथीका अन्य शिक्षाको प्रभावकारिता खोज्नु कमजोर जग माथिको अग्लोघर जस्तै हुनेछ ।

प्राथमिक शिक्षा विभिन्न शब्दले चिन्ने गरिन्छ । कुनै देशले 'प्राथमिक शिक्षा' (Elementary education) र कुनैले पहिलो शिक्षा (First school) पनि भन्ने गरेका छन् । त्यस्तै प्राथमिक शिक्षाका कक्षाको लागि प्रयोग गर्ने शब्दमा पनि भिन्नता पाइन्छ । नेपालमा कक्षा (Class) शब्द प्रयोग गरेपनि अर्थमा भने युरोपका कुनै कुनै राष्ट्रहरुले 'ग्रेड' र फ्रान्स र वेल्जियमतिर 'स्टयार्न्डड' (Standard) शब्द प्रयोग गर्ने गरेको पाइन्छ । कक्षाको लागि जुनसुकै शब्द प्रयोग गरेपनि अर्थमा भने समानता नै पाइन्छ (शै.ज.वि.के.,२०५९) ।

सबै राष्ट्रहरुले प्राथमिक शिक्षालाई अति महत्वपूर्ण माने तापनि यसमा प्रवेश उमेर र अवधिमा समानता पाईदैन । आ-आफ्नो देशको आवश्यकता र देशले गर्न सक्ने लगानीको आधारमा प्राथमिक शिक्षाको प्रवेश उमेरको निर्धारण गरेको देखिन्छ । नेपालको सन्दर्भमा हेर्ने हो भने प्राथमिक शिक्षाको अवधि राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) ले सुरुमा १-३ कक्षा सम्मलाई प्राथमिक शिक्षाको तह वनाई धेरै बालबालिकाहरुलाई न्यूनतम अवधिको प्राथमिक शिक्षा प्रदान गर्ने प्रयास गरेको थियो तर यस अवधिभित्र शिक्षाको राम्रो अवसर नपाएको गुनासोले गर्दा २०३७ सालदेखि शिक्षाको संरचना परिवर्तन गरी १-५ कक्षा सम्मलाई प्राथमिक तहमा गरियो र प्रवेश उमेर ५ वर्ष तोकिएको छ (मल्ल, २०५६) । यस्तै नेपालमा प्राथमिक शिक्षाको विकास क्रमलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(ख) **नेपालमा प्राथमिक शिक्षाको विकास र सि.क. विषय**

नेपालको सन्दर्भमा हेर्दा यो शिक्षाको सुरुवात अनियमित र अनौपचारिक तवरबाट भएको पाइन्छ । नेपालमा प्राचिन अवस्थाबाटै शिक्षालाई एक पीढिबाट अर्को पिढीमा हस्तान्तरण गर्दै जाने परीपाटी थियो । यस अन्तर्गत सामाजिक रीतिरीवाज, चालचलन, परम्परा, पेशा, पारीवारिक अनुशासन, अक्षेर सिकाउन सक्नेहरुले वाह्रखरी सिकाउने कुराहरु सबै प्राचिन शिक्षाका पक्षहरु हुन् । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पस्चात् योजनावद्ध शिक्षाको विकास एवं सुधार गर्न सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा २० सदस्यीय राष्ट्रिय शिक्षा आयोग गठन गर्न सिफारिस गर्‍यो । यसरी सिफारिस गरिय अनुरुप गठन गरिएको आयोग "नेपाल राष्ट्रिय शिक्षा योजना आयोग हो" । यस आयोग अन्तर्गत एउटा पाठ्यक्रम उपसमिति गठन गरी नेपालका बालबालिकाको रुची र आवश्यकतालाई ध्यानमा राखी प्राथमिक शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने जिम्मा दिइयो । यस उपसमितिले एक वर्ष सम्म विभिन्न स्थानमा गई विभिन्न व्यक्तिहरुको राय संकलन तथा अध्ययन गरी ती सवै आधारमा वि.स. १०१२ सालमा पाठ्यक्रम सम्वन्धि सुझावलाई "नेपाल राट्रिय शिक्षा आयोग" मूल समितिले स्विकार गर्दै नेपाल अधिराज्यभर लागु र प्राथमिक शिक्षाका उद्देश्य समेत स्पष्टरुपमा किटान गरियो । यस पश्चात् नेपालका सम्पूर्ण वालवालिकाहरु शिक्षाको अबसरबाट वञ्चित हुन नपरोस भन्ने हेतुले विभिन्न समयमा गरिएका परिवर्तन एवं संशोधन प्रयासहरुको साथसाथै राष्ट्रिय अन्तराष्ट्रिय प्रयासहरुको फलस्वरुप प्राथमिक शिक्षाको विकास हुँदै आईरहेको छ ।

यस अध्ययनलाई विशेषगरी आधारभूत तहको सिर्जनात्मक कला विषयको पाठ्यक्रम र पठनपाठनको अवस्थामा केन्द्रित गरी यथार्थ अध्ययन अनुसन्धान गर्ने उद्देश्यले अगाडी बढाईएको छ । हाल यस विषयको वारेमा भन्नु पर्दा प्राथमिक तह १-५ सम्म प्रत्येक कक्षाको पाठ्भार ३९ रहेको छ । यस विषयलाई साप्ताहिक ३ घण्टी छुट्याईएको छ जसमा ३ घण्टी क्रमस संगित, चित्रकला, र हस्तकला ३ विधालाई १/१ घण्टीका दरले विभाजन गरिएको छ (प्राथमिक पाठ्यक्रम २०६२) ।

नेपाल राष्ट्रिय शिक्षा योजना आयोग प्रतिवेदन २०११ लाई हेर्दा पनि प्राथमिक शिक्षाको पाठ्यक्रम सौन्दर्य विज्ञान ललितकला (संगित र उत्सव एवं लोकनृत्य र साहित्य गरी यस सि.क. विषयलाई समेटेको पाइन्छ । तर २०१८ मा यसलाई कला विषयका रुपमा राखिएको छ (स.रा.शि. प्रतिवेदन २०१८)

## १.२ अध्ययनको औचित्य

हरेक विषयवस्तुको अध्ययनको आ-आफ्नै स्थानमा गहन एवं महत्वपूर्ण स्थान रहेको हुन्छ । ठिक त्यसैगरी यस अध्ययनको पनि आफ्नै महत्व रहेको छ । यस अध्ययन अन्तर्गत रहेको सिर्जनात्मक कला विषयलाई अभिव्यक्तको सशक्त माध्यमको रुपमा मानिन्छ । यस विषयअन्तर्गत समावेश गरिएका संगीत (गायन,वादन, नृत्य अभिनय) हस्तकला र चित्रकला विषयवस्तुको सिकाईबाट माथिल्लो स्तरको

सिकाईलाई समेत टेवा दिनुका साथै विद्यार्थीहरुको विचार र भावनामा समेत सुधारात्मक परिवर्तन आउन सक्छ ।

विद्यार्थीहरु वा बालबालिकाहरु स्वभावैले जिज्ञासु हुन्छन् । बालबालिकाका रुचि, प्रतिभा, क्षमता र इच्छा अनुसारको बाल सिकाईलाई गरेर सिक्ने क्षमतालाई विकास गर्न र कला संस्कृतिको संरक्षण सम्वर्दन र विकास गर्न प्राथमिक तहमा सि.क. विषयको पठनपाठनको अवस्थामा केन्द्रित एक अध्ययन अनुसन्धानको महत्व यस प्रकार रहेको छ ।

- ❖ प्राथमिक तहमा सिर्जनात्मक कला विषयको पठनपाठनको अवस्थाको यथार्थता पत्ता लगाउन यस अध्ययनले योगदान गर्ने छ ।
- ❖ सिर्जनात्मक कला विषयको शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको उपलब्धताबारे र यी सामग्रीको प्रयोगको तौरतरिकाबारे जानकारी लिन ।
- ❖ सिर्जनात्मक कला विषय शिक्षण गर्ने शिक्षकको ज्ञान, सीप र दक्षताको बारे जानकारी लिन ।
- ❖ सिर्जनात्मक कला विषय शिक्षण गर्दा विद्यार्थी र शिक्षकमा आइपरेका समस्या पहिचान गर्न ।
- ❖ सिर्जनात्मक कला विषयका सम्बन्धमा सरोकारवालाको धारका पहिचान गरी यस विषयलाई अझ सुदृढ र प्रभावकारी बनाउन सहयोग गर्ने ।

### १.३ समस्याको कथन

शिक्षा मानव जीवनको ज्योती हो जसको उज्यालोबाट मानवले आफ्नो जीवन सफल र सार्थक बनाउछ । मानवभित्रको रचनाशिल प्रतिभा प्रस्फुटनको शशक्त माध्यम पनि शिक्षा नै हो । कुनै पनि देशको आर्थिक र सामाजिक विकासका लागि दक्ष र सन्तुलित जनशक्तिको आवश्यकता पर्दछ । यसको उत्पादन गुणात्मक शिक्षाको माध्यबाट मात्र सम्भव छ ।

शिक्षाको आधार नै प्राथमिक शिक्षा हो भनिन्छ । घरको जग बलियो भयो भने मात्र घर बलियो हुन्छ त्यसकारण प्राथमिक शिक्षा गुणस्तरीय र व्यहारीक भए मात्र हामी त्यसभन्दा माथिको गुणस्तरीय शिक्षाको परिकल्पना गर्न सक्दछौँ ।

शिक्षाको राट्रिय उद्देश्यअन्तर्गत "प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रंतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने र प्राथमिक शिक्षा उद्देश्यअन्तर्गत रहेको कला संस्कृति र सौन्दर्यप्रति अभिरुची जगाउने उद्देश्यलाई परीपूर्ति गर्नको निम्ति प्राथमिक तहमा हाल पठनपाठन भइरहेको सिर्जनात्मक कला विषयको पठनपाठन प्रभावकारी रुपमा हुनु पर्दछ । त्यसकारण यहाँ यसलाई वा यसको पठनपाठनको अवस्था कस्तो छ र सरोकार वालको धारणका बारेमा पहिचान गर्न यस अध्ययन अन्तर्गत निम्ननुसार अनुसन्धान प्रश्नहरुको जफाव खोज्ने प्रयास गरिएको थियो ।

१. सिर्जनात्मक कला विषयको पठनपाठनको अवस्था कस्तो छ ?
२. पठनपाठनमा के किसिमको शैक्षिक योजना एवं तालिम भएका शिक्षकले यो विषय शिक्षण गर्ने गरेका छन् ?

३. सिर्जनात्मक कला विषयको शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्थाबारे कस्तो छ ?

४. यो विषय शिक्षणको लागि समय तालिकाको व्यवस्था के कसरी गरीएको छ ?

५. विद्यालयमा यो विषयको शिक्षण कुन विधि तथा रणनीतिहरु प्रयोग गरी शिक्षण हुने गरेको छ ?

६. यस विषयको मूल्याङ्कन परिपाटी के कस्तो रहेको छ ?

माथी उल्लेखित प्रश्नहरुलाई समस्याका रुपमा मध्यनजर गरी अध्ययन अनुसन्धानको यथार्थता खोज्ने प्रयास गरिएको थियो ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययन अनुसन्धानको लागि निम्न उद्देश्य तय गरिएका छन् । यीनै उद्देश्यमा आधारित रशी यथार्थ विवरण पत्ता लगाउने प्रयास गरिएको थियो ।

१. सिर्जनात्मक कला विषयको पठनपाठनको वर्तमान अवस्था पत्ता लगाउन ।

२. सिर्जनात्मक कला विषयको शिक्षण प्रक्रिया तथा शैक्षिक सामग्रीको स्थिति पहिल्याउनु ।

३. यो विषयको आवश्यकता महत्व र पाठ्यक्रमको स्थानवारे सरोकारवालाहरुको धारणा पहिचान गर्नु ।

## १.५ अध्ययनको सीमाङ्कन

समय स्रोत साधन र आर्थिक अवस्थालाई मध्यनजर गरी यस अध्ययनलाई निम्न क्षेत्रमा सीमित गरिएको थियो ।

यो अध्ययन चाल्सा र कुइका गा.वि.स.मा अवस्थित ११ वटा विद्यालयबाट २ वटा विद्यालय छनोट गरी ति विद्यालयमा सीमित गरिएको थियो । यो अध्ययन प्रा.वि. तहका विद्यार्थीहरु सम्वन्धित विद्यालयका प्र.अ. र सि.क. शिक्षण गर्ने शिक्षकहरुमा सीमित थियो ।

- यो अध्ययन सि.क. विषय अन्तर्गत संगित, चित्रकला र हस्तकलाको पठनपाठनमा सीमित थियो ।
- यस अध्ययनलाई सफल पार्न, अन्तवार्ता, कक्षा अवलोकन, जस्ता उपयुक्त साधनको प्रयोगमा सीमित गरिएको थियो ।
- उस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न प्रत्यक्ष कक्षा अवलोकन गरिएको थियो जुन सि.क. शिक्षण हुने समयमा सीमित गरिएको थियो ।
- यस अध्ययनको क्षेत्र छनौटमा परेका विद्यालयका प्राथमिक तहका सिर्जनात्मक कला पढाई हुने कक्षाहरुको सीमित गरिएको थियो ।
- यो अध्ययनले विभिन्न जातजाति जस्तै ब्राम्हण र दलितको बाहुल्यताको एक क्षेत्र तथा दलितको बाहुल्यता रहने विद्यालयमा सीमित गरिएको थियो ।

## परिच्छेद दुई

## सम्बन्धित साहित्यको समिक्षा

नेपालमा शिक्षाको आधारशिलाको रुपमा रहेको प्राथमिक शिक्षामा महत्वपूर्ण परिवर्तन ल्याउनु पर्ने आवश्यकता महशुल गरी प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ लागु गरी सकिएको छ । यस प्राथमिक पाठ्यक्रमको कक्षा १-५ सम्मको प्राथमिक शिक्षा पूरा गरेका विद्यार्थीमा हुनु पर्ने कुशलताहरुको निर्क्यौल गऱ्यो । यतिमात्र नभई प्राथमिक शिक्षाको विषयवस्तु, शिक्षण सिकाइ तथा मूल्याङ्कनको पक्षमा दिशाबोध गरायो र राष्ट्रिय विकासका महत्वपूर्ण पक्षहरु वतावरण संरक्षण, स्वास्थ्य तथा पोषण, आदि विषयलाई नविन रुपमा प्रस्तुत गऱ्यौं ।

### २.१ सैद्धान्तिक साहित्य

सिर्जनात्मक अभिव्यक्तिशिल कला विषयअन्तर्गत संगीत, हस्तकला र चित्रकला गरी ३ क्षेत्र रहेका छन् । यी ३ क्षेत्रहरु मध्य संगितको उत्पत्ति सामवेदबाट भएको भन्ने धारणा पाइन्छ । त्यसैगरी संगीतको उत्पत्ति सम्वन्धमा विभिन्न मतहरु पाइन्छन् : ती मध्य केही यसप्रकार छन् ।

१. संगीतको उत्पत्ति ब्रहमाजीद्धारा भई यो कला ब्रहमाजीबाट क्रमशः शिवजी, सरस्वती, नारद र भरतमुनी ऋषिसम्म हस्तान्तरित भयो र व्यापक प्रचार प्रसार भयो बैदिक कालमा संगितको प्रचार भएको प्रमाण ऋग्वेद पाइन्छ ।

२. संगीतका सातस्वर विभिन्न पशुपंक्षीका स्वरबाट उत्पत्ति भएका हुन् ।

३. एक फारसी बिद्धानका अनुसार पहाडमा पाइने मुसिकर नामक चराको ठोडमा हुने बासुरीको जस्तो सातवटा प्वालबाट संगीतका सातस्वर, सारेगमपधनीसाको उत्पत्ति भयो ।

४. पूर्वीय मतअनुसार गायन, वादन र नृत्यको ममिश्रणलाई संगीत भनिन्छ । पाश्चात्य मतअनुसार, स.गीत भनेको मनलाई प्रफुल्न पार्ने ताल र स्वरको सुन्दर संयोजन हो (Dictionary of Music, 2058) । सिर्जनात्मक अभिव्यक्तिशील कला अन्तर्गतका विद्याहरुको विद्यागत परिचय संगीत -गायन, बाध्य वादन, नृत्य अभिनय) चित्रकला र हस्तकला ।

**क) संगीत :**

**यस विधा भित्र निम्न कुराहरु छन् :**

**गायन** : गायन भन्नाले कुनै पनि गीत, कविताका शब्दलाई धुन तथा ताल मिलाएर मिठो स्वरमा वाचन गर्ने कलालाई वुभिन्छ । यसको मुख्य आधार कर्णप्रीय तथा हृदयस्पर्षी स्वर हो । गायनलाई पाश्चात्य संगीतमा Vocal अर्थात् कण्ठ संगीत भनिन्छ । यसलाई संगीतको प्रमुख विधा भनिन्छ ।

**बाद्यवाधन** : बाद्यवादन भनेको कुनैराग वा संगीतमय धुनलाई तालमा मिलाएर कुनै बादमन्त्रमा बजाउने एउटा कला हो । यसलाई स्वरवादन पनि भनिन्छ । मादल, तवला ओंनियम, सारङ्गी, बाँसुरी, गितार

जस्ता तालवाजामा विभिन्न तालहरुलाई बोल प्रकार तथा लय अनुसार बजाउने कलालाई बादन भनिन्छ । यो पनि संगीतको अर्को मुख्य विधा हो । यसले गायन वादन र नृत्य तीनै कुरालाई समन्वय तथा नियन्त्रण गर्दछ ।

**नृत्य :** अंगहरुको संञ्चालनद्धारा कुनै गतिको ताल तथा स्वरमा रसभाव अभिव्यक्त गर्ने कला नै नृत्य हो । यसलाई अंग्रेजीमा Dance भनिन्छ । यसलाई आङ्गिक अभिनयको रुपमा पनि मान्न सकिन्छ । यसले गीत (शब्द) संगीत (धुन) तथा तालको भाव अभिव्यक्त गर्दछ ।

**अभिनय :** वाक्य र अंगको ताल, ढालको नक्कल गरी कुनै पनि अवस्था र कुनै कथावस्तुको भाव व्यक्त गर्ने कलालाई अभिनय भनिन्छ । अभिनयलाई पनि प्रा. तहमा संगीत अन्तर्गत राखिएको छ । नृत्य र अभिनय वीच ठुलो सम्वन्ध रहेको छ ।

**चित्रकला :** आखाँले देखेको कुरालाई ग्रहण गरेर चित्रमा उतार्ने कलालाई चित्रकला भनिन्छ । मानव सभ्यताको इतिहासमा भाषाभन्दा पहिला चित्रकलाको विकास भएको पाइन्छ । सबैले बुझ्न सक्ने र बुझाउन सकिने भाषा भएकोले यसलाई अन्तराष्ट्रिय भाषा पनि भनिन्छ । चित्रकला विद्यालाई भाषा अभिव्यक्तको एक शसक्त माध्यमको रुपमा लिइन्छ । आजको आधुनिक युगमा यसको महत्व तथा उपयोगीता दिनप्रतिदिन बढ्दै गएको छ । चित्रकलाद्धारा वालवालिकाको बौद्धिक विकास तथा उनीहरुको सिर्जनशील प्रवृतिको विकास गराउन सकिने हुनाले यसको महत्व अपरिहार्य छ । यस सम्वन्धि ज्ञानले माथिल्लो तहको पढाईलाई सघाउनुको साथै एक पेसेवर चित्रकार बन्नका लागि सहयोग गर्दछ ।

**हस्तकला :** विभिन्न वस्तुहरुको संकलन गरी तीनको माध्यमबाट अन्य कलात्मक एवं उपयोगीवस्तु बनाउने कार्यलाई हस्तकला भनिन्छ । माटो, ढुङ्गा, काठ, धातु, आदि पदार्थबाट निर्मित विभिन्न कलात्मक वस्तुलाई पनि हस्तकलाको नमूना मान्न सकिन्छ । वालवालिकाहरुको बौद्धिक विकास तथा उनीहरुमा सिर्जनशील प्रकृतिको विकास गराउनका लागि हस्तकलाले ठुलो टेवा दिन सक्छ यसरी संगीत चित्रकला र हस्तकलाको महत्वलाई वुझेर यसको प्रयोग पठनपाठनको क्षेत्रमा समेत महत्वपूर्ण ठानी विभिन्न समयअनुसार यस खालको विषयवस्तुको समावेश गर्ने गरेको पाइन्छ ।

सिर्जनात्मकता वालवालिकामा रहेको एउटा विशेष प्रतिभा हो । कलात्मक शिक्षाको उद्देश्य वालकहरुलाई कलाकार बनाउनु रहेको हुन्छ । नयाँ पाठ्यक्रमअनुसार निम्न वुदालाई विशेष जोड दिएको हुन्छ । कला एउटा यस्तो अद्धितिय अनुभवको रुप हो जसलाई अन्य कुनै तरिकाबाट नक्कल गर्न सकिदैन । कलात्मक अनुभवले राष्ट्रको बालबालिकाको जीवन क्षमतामा गहिरो प्रभाव पारेको हुन्छ । सिर्जनात्मकता नक्कल यगर्ने प्रक्रिया नभई व्यक्तिमा अन्तर्निहित व्यक्तिगत क्षमता हो । (राजभण्डारी, १९९८)

"CERSOD २००२" का अनुसार प्राथमिक तहका वालवालिकाहरुको लागि सिर्जजनात्मक अभिव्यक्तिशिलकला महत्वपूर्ण विषय हो । तर यस विषयमा दिएका केहि पक्षहरु प्रथमिक तहमा शिक्षण गर्ने शिक्षकहरुलाई शिक्षण गर्नका लागि कठिन छन् । साधारणतया यस अन्तर्गत रहेका प्राविधिक शब्दहरु रंगिन, पेन्सील, करहवा, समला, गाद्रा, दुगुन, चौगनु आदि शब्दको साथै विभिन्न कलात्मक अवस्थाहरुका वारेमा उल्लेखित अभ्यास पुस्तिका नहुनुले शिक्षकहरुलाई शिक्षण गर्न कठिन छ ।

"Gita Skell C.D. 1956" Art and Crafts in our School मा सि.क. सँग सम्वन्धित विषयवस्तुहरुलाई यसरी उलेख गरिएको छ । "Some trends in art education अन्तर्गत सिर्जनशिलका अवस्था, दक्षता प्राप्त गर्ने तरीका, विचार गर्ने स्वतन्त्रताका अवस्था, सिकारुको रुचि विकास गर्नु र व्यक्तिलाई सामुहिक समूहसँग सम्बद्ध गराउनुजस्ता विषयवस्तुहरु उल्लेखनिय छन् ।

The Picture Making Programmer अन्तर्गत सामग्रीहरु कक्षा कोठा व्यवस्थापन, प्राविधिक तथा माध्यमका विविधता, वालवालिकाको चित्र निर्माण आदि विषयवस्तुहरु रहेका छन् । Design in Picture Making अन्तर्गत शिक्षण तरिका, स्वरुपका तत्वहरु, स्वरुपका सिद्धान्तहरु, अनेकता तथा विविधताको उपलब्धि हाँसिल गर्नु जस्ता विषयवस्तु समावेश छन् ।

"The Craft Programmer" अन्तर्गत हस्तकला कार्य सिर्जनात्मक हुनुपर्ने, यसले समस्याहरु दिलाउनुपर्ने, समूह मिलन, सवै माध्यम र उच्च ग्रेडका लागि सिफारीस गरिएका हस्तकला विषयवस्तुहरु समेटिएका छन् । शिक्षकको अध्यापन क्षमताले विद्यार्थीको वौद्धिक क्षमता विकासमा ठुलो भूमिका निर्वाह गरेको हुन्छ । विभिन्न कुराको सिर्जनागर्न सक्ने सिर्जनात्मक क्षमता भएको शिक्षकले आफुसँगको सिर्जनशिलताको आधारमा समस्या समाधान गर्न सक्छ ।

## २.२ नेपाली साहित्यको सन्दर्भ

वि.सं. २००७ साल अघि प्राथमिक विद्यालयको व्यवस्था विभिन्न समयमा विभिन्न किसिमले गरेको पाइन्छ । तर पाठ्यक्रमको व्यवस्थित विकास र यसको प्रभावकारी प्रयोगको दृष्टिले हेर्ने हो भने प्राथमिक विद्यालयहरुको शैक्षिक अवस्था सन्तोषजनक रुपमा देखिएन । वि.सं. १९५९ तिर प्रधामन्त्री श्री ३ देवशमशेरले जनतालाई शिक्षित गर्ने भावना अनुरुप जय पृथ्वीबहादुर सिंहले जनतालाई नेपाली माध्यामद्धारा शिक्षा दिने आफ्नो योजना लागु गर्न देवशमशेरबाट समर्थन पाए । तर त्यतिवेला कुनै पाठ्पुस्तक र शिक्षकको व्यवस्था थिएन त्यसैले जय पृथ्वीबहादुर सिंह आफैले अक्षराकं शिक्षा भने पाठ्यपुस्तक लेखे । देवशमशेरको हुकुम बमोजिम उपत्यकामा करिव ५० वटा भाषा पाठशाला, पाटी, पौवा र सत्तलहरु खुले र लेखपढ गर्न जाने व्यक्तिलाई शिक्षक बनाइयो । अधिराज्यभरी करिब १०० वटा पाठशालाहरु स्थापना भए विद्यालयहरुलाई अक्षराङ्क शिक्षा पाठ्यपुस्तकका साथै स्लेट, पेन्सिलहरु पनि निःशुल्क वितरण गरिए । प्रत्येक गाउँमा साक्षरता प्रयासका साथै एउटा प्राथमिक पाठशाला हुनुपर्छ भन्ने लक्ष्य राखिएको थियो (जोशी, २०५४) ।

प्राथमिक शिक्षाको शुरुवातलाई दृष्टिगत गर्दा त्यो बेलाको शिक्षा शिक्षक र पाठ्यपुस्तकमा मात्र सीमित थियो, जसले गर्दा प्राथमिक शिक्षाको उचित सम्वर्द्धन र विकास बाञ्छित रुपले भएको देखिदैन । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि देशमा उर्लदो शिक्षाको लहरका साथै विभिन्न किसिमका प्राथमिक विद्यालयहरु खुलेको पाइन्छ र ती सबैको आ-आफ्नै प्रकारका पाठ्यक्रमहरु विकासका निश्चित संस्थाको अभावमा त्यतिखेरको पाठ्यक्रम कुनै पाठ्यपुस्तक वा विषय सूचिमा मात्र आधारित थियो । ने.रा.शि.यो आ.ले २०११ सालमा आफ्नो प्रतिवेदन पेष गरेपछि प्रा.शि. को पाठ्यक्रम तयार भएको थियो । ने.रा. शि.यो. आ. २०११ ले प्रा.शि.को पाठ्यक्रममा देहाय वमोजिमका विषय सिफारीस गरेको थियो ।

सामाजिक अध्ययन, विज्ञान, गणित, सौन्द्रयात्मक कला, भाषा, मातृ भाषा, व्यक्तित्व विकास र हस्तकला । वि.स. २०१८ सालमा स.रा.शि.स. गठन भयो । यो समितिले गरेका महत्वपूर्ण सिफारीसका आधारमा कक्षा १-५ सम्मको प्राथमिक विद्यालय तोकी निम्न लिखित विषयहरु समावेष गरिएको थियो । नेपाली भाषा, चित्रकला, गणित, सामाजिक शिक्षा, स्वावलम्वि शिक्षा, विज्ञान र स्वास्थ्य शारीरिक शिक्षा थिए ।

रा.शि.यो.आ. २०११ को प्रतिवेदनको आधारमा व्यवस्था गरिएको शिक्षा संरचनाले आवश्यक जनशक्ति विकासमा सहयोग नपुगेकाले वि.स. २०२८ सालमा शिक्षा व्यवस्थामा परिवर्तन गरियो र देशभर रा.शि.प.यो. २०२८ लागु गरियो । तत् पश्चात् प्राथमिक शिक्षाको संगठनात्मक संरचना परिवर्तन गरी १-३ कक्षा सम्म सिमित गरीयो । त्यस अनुसार प्राथमिक शिक्षाको पाठ्यक्रम निम्न थियो । नेपाली भाषा, स्वास्थ्य, सामाजिक अध्ययन, चित्रकला, हस्तकला, गणित, शारीरिक शिक्षा जस्ता विषयहरु सिफारीस गरियो (MOECD,२०५७) ।

रा.शि.आ. २०४९ ले वर्तमान विद्यालय तहको संरचनामा समेत परिवर्तन गरी पाठ्यक्रमको नयाँ स्वरुप प्रस्ताव गरेको छ । आयोगले सिफारीस गरेको विद्यालयको संरचनामा कक्षा १-५ लाई प्राथमिक तह निर्धारण गरेको छ । प्राथमिक तहको पाठ्यक्रमको रुपरेखा हालसम्म कार्यान्वयन भइरहेको पाठ्यक्रमअन्तर्गत सिर्जनात्मक कला विषयलाई पूर्णाङ्क ५० निर्धारण गरी पठनपाठन भइरहेको छ ।

प्राथमिक तहमा रहेको सिर्जनात्मक कला विषयसँग सम्वन्धित विभिन्न अध्ययन, अनुसन्धान शोधपत्र, पाठ्यक्रम, शिक्षकनिर्देशिका, तालिम पुस्तिका विषय विस्तृतीकरणको साथै अन्य नेपाली तथा अंग्रेजी आषामा समेत लिखित पुस्तकहरु प्रकासन भएका छन् । यस अध्ययन अनुसन्धानलाई पुरा गर्न उक्त स्रात सामग्रीको अध्ययन र अवलोकन गरिएको छ ।

राई २०५६ ले" प्राथमिक तहमा पढाइने शि.क. विषयको प्रभावकारी शिक्षणमा परेका कठिनाई" भन्ने शिर्षकमा अध्ययन गर्दा दक्ष शिक्षकको कमी र आवश्यक शैक्षिक सामग्रीको अभावमा शि.क. विषयको प्रभावकारी शिक्षण हुन नसकेको निष्कर्ष निकाले छन् ।

"राजभण्डारी १९९८ का अनुसार" सरकारी विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुद्धारा सि.क. विषयलाई बोझिलो विषयको रुपमा लिइएको र कुनै विद्यालयमा वास्तविक सिर्जनात्मक र स्थानीय

सामग्रीको प्रयोग गरी शिक्षण सिकाई भइरहेको छ । नीजि विद्यालयमा भने पाठ्यपुस्तकमा दिएका विभिन्न क्रियाकलापहरुलाई उपयुक्त खालको वातावरणमा शिक्षण गराइने गरेको कुरा व्यक्त गरिएको छ ।

"प्राथमिक शिक्षा पाठ्यक्रम २०४८" प्राथमिक तहमा सिर्जनात्मक तथा अभिव्यक्तिशिलकला विषयको संगित (गायन, वादन, नृत्य, अभिनय) क्षेत्रभित्र रहेका उद्देश्यहरुमा विद्यार्थीहरु राष्ट्रिय गान, कक्षागत गीत, सामूहिक राष्ट्रिय गीत, पाठ्यपुस्तकमा भएका वाल गीत, कविता, ईश्वर प्राथना र अन्य आफुले जानेका स्थानीय गीतहरु लय मिलाई गाउन र सात स्वर सारेगमपधनिसा, आरोह, अवरोह मिलाई भन्न र नृत्य अभिनय अन्तर्गत आफुले जानेका गीतहरुमा नृत्य गर्न, विभिन्न प्राणीको बोली, हिडाईको नक्कल र पाठ्यपुस्तकमा भएका कथावस्तुलाई अभिनय र नाटकिय ढंगबाट प्रस्तुत गर्न सक्ने उद्देश्य राखिएको छ भने चित्रकला अन्तर्गत सिसाकलम तथा इरेजरको प्रयोग गरी फलफूल, भाडाकुडा, घर, वृत, त्रिभूज, वर्ग, गिलास, कप, नेपालको नक्सा, झण्डा, रुख, नदि पहाड, टेवुल, दराज जस्ता वस्तुको चित्र बनाई छाया र प्रकाश दिन आफुलाई मन पर्ने विभिन्न चित्र बनाई पानी, रङ्ग, प्रमुख रङ्ग तथा सहायक रङ्ग प्रयोग गरी चित्रमा भर्न सक्ने उद्देश्यहरु राखिएका छन् । त्यसैगरी हस्तकला अन्तर्गत माटोको प्रयोगबाट विभिन्न आकार वनाई चित्र संकलन गरी टाँस्न, स्थानिय वस्तु सावुन, मुला र आलु सतहमा काटिएको वुट्टा छाप्न, माटोका फलफूल, पुतली, चरा, जनावर र अन्य स्थानीय सामग्रीवाट दैनिक जीवनमा उपयोगी साधारण वस्तुहरु वनाउन कागजबाट विभिन्न वस्तु बल, चरा, डुङ्गा र हवाइजहाज वनाउन र विभिन्न सामग्रीबाट आफुलाई मन पर्ने ढाँचा वा आकृति वनाउन सक्ने उद्देश्य राखिएको छ । यस सम्वन्धी विस्तृत जानकारीको लागि सिकाई पाठ्यपुस्तकले तय गरेको छ ।

"प्राथमिक शिक्षाको उद्देश्यमध्य कला र संस्कृति प्रति अभिरुची जगाउने पनि एउटा उद्देश्य भएकोले कला र सस्कृतिको संरक्षण र संवर्द्धन गर्न वालवालिकालाई सानै उमेर देखि नै संगीतको प्रारम्भिक ज्ञान दिन जरुरी छ । वालमनोविज्ञान अनुसार पनि साना वालवालिकाहरु स्वाभावैले नाचगानमा रुची राख्दछन् । जसका कारण वर्तमान पाठ्यक्रममा सि.क. विषयलाई अनिवार्य विषयका रुपमा समावेश गरिएको छ" (प्रा पा दिग्दर्शन २०५०)

### २.२.१ सि.क. सम्वन्धी शिक्षा नियमावली २०५७ मा भएको व्यवस्था

शिक्षा नियमावली २०५७ को परिच्छेद १४ को नीयम नं. ६७ मा सि.क. लाई अतिरिक्त क्रियाकलाप भन्ने शिर्षकमा राखिएको छ जसमा सि.क. विषयमा विभिन्न विषयवस्तुहरु समेटेको छ जसलाई वुँदागत रुपमा हेरौं ।

१. विद्यालयले विद्यार्थीको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम संञ्चालन गर्नुपर्ने छ ।
२. अतिरिक्त क्रियाकलापमा शिक्षक तथा विद्यार्थी दुवैले भाग लिनुपर्ने छ ।
३. विद्यालयले अतिरिक्त क्रियाकलाप कार्यक्रम संञ्चालन गर्न देहाय बमोजिम गर्नुपर्ने छ :

- विद्यालयमा राष्ट्रियताको भावना जगाउने, मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरु प्रति अभिरुचि बढाउने किसिमका नाटक, नृत्य र लोकसंगीतको अभ्यास तथा प्रतियोगिता गर्ने ।
- विद्यार्थीको शारीरिक विकासका लागि विभिन्न खेलकुदहरु नियमित अभ्यास संञ्चालन गर्ने,

४. उपनिय १ अनुसार सिर्जनात्मक प्रतिभाको विकास गर्न विद्यालयले देहाय वमोजीम कार्यक्रम संञ्चालन गर्नुपर्ने छ :

चित्रकला र हस्तकला प्रतियोगिता, वाद्ययवादन प्रतियोगिता, नृत्य प्रतियोगिता, नाटक प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, हाजिरिजवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, खेलकुद प्रतियोगिता, फुलावारी प्रतियोगिता, अन्य प्रतियोगिता ।

४.(क) विद्यालयले शुक्रवारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्ने छ ।

उपयुक्त अवधारणालाई हेर्दा नेपालको शिक्षा नियमावलीमा सि.क. लाई विद्यार्थीको शारीरिक, मानसिक, संवेगात्मक, विकास गर्नका लागि र शिक्षण सिकाईलाई वालमनोविज्ञानमा आधारित भएर सरल सबल सिकाईका लागी सि.क. लाई विशेष जोड दिएर राखिएको पाइन्छ ।

चित्रकलालाई एक शशक्त माध्यम मानिएको छ बालबालिकाहरुको बौद्धिक विकास तथा उनीहरुमा सिर्जनसिल र अभिव्यक्तिशिल प्रवृत्तिको विकास गराउनका लागि अत्यावश्यक विषयका रुपमा वर्तमान पाठ्यक्रममा चित्रकला विषय समावेश गरिएको छ । यसले वालवालिकाहरुमा बौद्धिक विकास गर्न र सिर्जनशील प्रतिभालाई अभिव्यक्त गराउँछ । (प्राथमिक दिग्दर्शन, २०५०/०५७ दोस्रो संसोधन सहित)

### २.२.२ पाठ्यक्रम प्रारुप २०६३ ले गरेको व्यवस्था- सि.क. सँग सम्वन्धित

प्राथमिक प्रारुप पाठ्यक्रम २०६३ ले आधारभूत शिक्षालाई तिन तहमा विभाजन गरी निम्न अनुसार राखेको छ र निम्न अनुसारका उद्देश्य सि.क विषयको लागि तय गरेको छ ।

- **आधारभूत शिक्षा १-८ तीन चरण**

  १,२,३ ४,५ ६,७,८

  उमेर ५ वर्ष देखि १३ वर्ष ।

- **उद्देश्य नं. ६ सिर्जनात्मक तथा अभिव्यक्तिशिल सीप विकास गर्नु**

१-८ सम्म सिर्जनात्मक कला विषय राख्नु पर्ने, ४-५ मा क्रियाकलापमुखी पाठ्यक्रम निर्माण गर्ने जसमा १ देखि ४ सम्म विज्ञान वातावरण, स्वास्थ्य र शारीरिक एवं सिर्जनात्मक कला विषयलाई सामाजिक अध्ययनमा एकिकृत गरिने छ ।

- **विद्यार्थी मूल्याङ्कन : निर्माणत्मक र निर्णयात्मक प्रणालीबाट,**
  - सवै तहमा औपचारीक एवं अनौपचारिक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरिक तथा वाह्य मूल्याङ्कन प्रकृया अवलम्वन गरिने छ ।
  - विद्यार्थी मूल्याङ्कन गर्दा कक्षा कार्य, योजना कार्य, सामुदायीक कार्य, एकाई परिक्षा, त्रैमासिक परिक्षा, रचनात्मक तथा प्रर्वद्धनात्मक जस्ता साधन वा तरिका अपनाईने ।
- **शिक्षण सिकाई क्रियाकलाप र सामग्री :**
  - प्रयोगात्मक कार्य संचालनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगका रुपमा स्थापित गरिने छ
  - अतिरिक्त सहक्रियाकलापलाई शिक्षण सिकाई क्रियाकलापसँग आबद्ध गरी विद्यार्थीको चौतर्फी विकासमा विशिष्ट ध्यान दिइने छ ।
  - विद्यालय पठन पाठनको निश्चित समय घण्टा अनिवार्य रुपमा अतिरिक्त क्रियाकलापका लागि छुट्याई व्यवस्थित गरिने छ ।
- **२०६२/०६३ अनुसार परिवर्तन उद्देश्य : प्राथमिक तहका तहगत उद्देश्यमा सि.क. सँग सम्वन्धित उद्देश्य**
  - कला, सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशिलता सीपको विकास गर्नु ।
  - नेपाली कला, सौन्दर्य, आदर्श तथा बैशिष्ट्यहरुको संरक्षण, सम्बर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने ।

माथि उल्लेखत विभिन्न पुस्तक शोधपत्र र अध्ययन प्रतिवेदनको पुन अध्ययन गर्दा सिर्जनात्मक तथा अभिव्यक्तिहिलकला विषयसँग सम्वन्धित यी फरक फरक अध्ययनहरु गरिएको भए तापनि "प्राथमिक तहमा सिर्जनात्मक तथा अभिव्यक्रिशील कला" विषयको पठनपाठन अवस्था सम्वन्धि नभएकाले यो अध्ययन फरक हुने छ । जुन अध्ययनले सि.क. विषयको पठनपाठनको अवस्थालाई गुणात्मक अनुसन्धान गर्नेछ ।

शिक्षाको आधार शैलीको रुपमा प्राथमिक शिक्षामा महत्वपूर्ण परिवर्तन ल्याउनुपर्ने आवश्यकता महशुस गरी प्रा.शी.पा. २०६२ लागु गरिएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले २० प्रतिशत पाठ्यभारका लागि स्थानीय आवश्यकता अनुरुपको पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने अवस्था समेत गरेको छ । यसरी गरिएको पाठ्यक्रमको सफलता कार्यान्वयन पक्षसँग प्रत्यक्ष सम्वन्ध राख्दछ । पाठ्यक्रम कार्यान्वयन कर्ताले देशमा प्राथमिक शिक्षाको व्यवस्था के छ, यसको व्यवस्था कस्तो छ, भन्ने कुरामा जानकारी राख्नु आवश्यक छ ।


### २.३ सम्बन्धित अध्ययनको समिक्षा

कुनै पनि विषयको शिक्षण पश्चात उक्त विषयले विद्यार्थीमा नयाँ सीप ज्ञान र सिर्जनशिलता प्रदान गर्ने लक्ष्य बोकेको हुन्छ । देशको प्रकृति हेरी, शिक्षा ऐन र नियम अर्न्तगतका पक्षमा ध्यान दिदै

यसै सि.क विषयले विद्यार्थीमा वा समाजमा सामाजिक संस्कृति परम्परा रीतिरीवाज र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने देखिन्छ । सि.क. विषय हाल १-८ आधारभूत तहमा विस्तार गरीएको छ । वास्तवमा भन्नुपर्दा विभिन्न अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई हेर्दा, यो विषय एक अलग पहिचानका साथ विद्यार्थीमा गरेर सिक्ने व्यवहार विकास गर्नका साथै विद्यालय स्तरमा विद्यार्थीको सहभागीता बढाउन समेत यसले सहयोग गर्ने देखिन्छ । यसलाई अझ प्रभावकारी बनाउन यसको पाठ्यपुस्तकका साथै यसको शिक्षणका लागी आवश्यक पर्ने शैक्षिक सामग्रीहरु सरकारी तहबाटै उपलब्ध गराई यस विषयलाई व्यवहारीक र जीवनपयोगी बनाउदै लानुपर्ने देखिन्छ ।

**२.४ अवधारणात्मक ढाँचा**

प्राथमिक तहमा सि.क. विषय पठनपाठनको अवस्था र पाठ्यक्रम सम्वन्धि सम्वन्धित संकलन पक्षको अवधारणा वुझ्नकालागि निम्न ढाँचा प्रयोग गरिएको छ ।




**संगीत चित्रकला र हस्तकला बीचको सम्बन्ध**

संगीत चित्रकला र हस्तकला यी तीनवटै विधा विच घनिष्ट सम्वन्ध रहेको छ । चित्रकला र हस्तकलाको अमूर्त अभिव्यक्तिलाई संगीतले मूर्तरुप दिन्छ भन्ने संगीत र नृत्यका विभिन्न मुद्राहरुलाई चित्रकला र हस्तकलाले एउटा आकृकिो रुप दिई सुरक्षित राख्न सहयोग गर्दछ । वर्षौ वर्ष अघि विभिन्न गुफा तथा ओडारहरुमा, मूर्ति र अन्य विभिन्न पुरातात्विक वस्तुहरुमा अंकित विभिन्न कलात्मक वस्तुहरुबाट प्राप्त संगीतमय अभिव्यक्तिहरुलाई संगीत हस्तकला र चित्रकला बीचको सम्वन्धको प्रमाणको रुपमा लिन सकिन्छ ।

सिर्जनात्मक तथा कला विषय जुन प्राथमिक तहमा अध्यापन भइरहेको छ । उक्त विषयलाई संगीत हस्तकला तीनवटै क्षेत्रको संयुक्त रुपमा लिन सकिन्छ । यो विषयको प्रभावकारी पठनपाठनबाट बालबालिकाहरुको अन्तर्निहित प्रतिभाको विकास हुनुको साथै व्यक्तित्व विकासमा समेत उल्लेख्य उपलब्धि हाँसिल भई प्रत्यक्ष रुपमा वा अप्रत्यक्ष रुपमा देशको कला कौशल तथा विभिन्न लोक संस्कृतिको संरक्षण एवं सम्बर्दन र विकासमा समेत ठुलो टेवा पुग्न सक्दछ ।

"राष्ट्रिय शिक्षा आयोग २०४९" ले निर्दिष्ट गरेको शिक्षाको राट्रिय उद्देश्य अन्तर्गत बुदा नं. १ मा उल्लेखित "शिक्षाले प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र वक्तित्व विकासका सम्भावनालाई प्रष्फुटन गर्न सहयोग गर्नु पर्दछ । प्राथमिक शिक्षाको उद्देश्यको बुदा नं. २ मा उल्लेखित कला, सौन्दर्य र संस्कृतिप्रति अभिरुचि जगाउने उद्देश्यसँग सम्बन्धित प्राथमिक शिक्षाको पाठ्यक्रम २०४९ मा यो सिर्जनात्मक अभिव्यक्तिशील कला विषयलाई अनिवार्य विषयको रुपमा कक्षा १ देखि ५ सम्म समावेश गरिएको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०४९/५० देखि कक्षा १ मा लागु गरी क्रमशः कक्षा ५ सम्मा लागु गर्दै जाने उक्त निर्णय अनुसार हाल पाठ्यक्रम लागु भइरहेको छ । यस विषयको क्षेत्रगत पाठ्यभार प्रतिहप्ता ३ घण्टी पूर्णाङ्क ५० प्रतिघण्टाी समय ४५ मिनेट वार्षिक ९० घण्टी गरी विभाजीत गरिएको छ ।

# परिच्छेद तीन


## अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धानलाई सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृतिअनुसार उद्देश्य प्राप्त हुने गरी विभिन्न तरिकाहरु व उपाएहरु अबलम्वन गर्नुपर्ने हुन्छ जसलाई विधि भनिन्छ । यस सि.क. विषयको पठनपाठनको अवस्था सम्वन्धी गरिने अध्ययनका लागि पनि यसका उद्देश्य अनुसारका उपयुक्त विधि प्रयोग गरिएका छन् । विधिले अध्ययन अनुसन्धान कार्यलाई निश्चित बाटोबाट अघि बढाउन र निष्कर्षमा पुग्न महत्वपूर्ण भूमिका खेल्नेछ । यस अध्ययन अनुसन्धानलाई गुणात्मक विधिका माध्यमले अगाडी बढाइएकोछ । गुणात्मक विधिबाट तथ्याङ्क संकलनका लागि गहिरो र खुला अन्तवार्ता प्रत्यक्ष अवलोकन, लिखित दस्तावेज (सामग्री अध्ययन) प्रयोग गरिएको छ । यस अध्ययन अनुसन्धानलाई गुणात्मक विधिद्धारा गरिने भए पनि आवश्यक सूचना तथा तथ्याङ्कलाई संख्यात्मक रुपले पनि उल्लेख गरिएको छ र यस अध्ययनका लागि निम्न विधि अपनाइएको छ :

### ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानलाई प्रभावकारी र उद्देश्योन्मूख बनाउन गुणात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । उद्देश्यअनुसार अनुसन्धानकर्ता स्वयं अध्ययनको क्षेत्रमा गई निम्न साधन वा ढाँचाका आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययनको लागि खाका



| क.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | यो विषयको आवश्यकता र महत्वबारे पाठ्यक्रममा स्थानीय सरोकार वालाहरुको धारणा पहिलउनु । | शिक्षक, विद्यार्थी, अभिभावक र विद्यालय रेकर्डहरु र स्थानयि सरोकार वाला । | अन्तवार्ता, लक्षित समूह छलफल |
| २ | सि.क. विषयको पठनपाठनको अवस्था पत्ता लगाउनु । | शिक्षक, विद्यार्थी, कक्षा, शिक्षक | कक्षा, अवलोकन, अन्तर्वाता (शिक्षक, लक्षित समूह छलफल) |
| ३ | सि.क. विषयमा संलग्न भैइरहेको जनशक्ति र शैक्षिक सामग्रीको स्थिति पहिल्याउनु । | शिक्षक, विद्यार्थी, प्र.अ. वि.व्य.स. अध्यक्ष र अभिभावक | अन्तवार्ता |

### ३.२ अध्ययन क्षेत्र र जनसंख्या छनोट

### ३.२.१ नमुना छनोट

यो अध्ययन अछाम जिल्लामा केन्द्रित थियो । यस अध्ययन अन्तर्गत यस जिल्लाका ७५ गा.वि.स मध्य दुई वटा गा.वि.स.लाई सम्भावना मूलक नमुना छनोट विधिको आधारमा छनोट गरी अध्ययन क्षेत्र पुगिएको थियो । विद्यालय नमुना छनोट अन्तर्गत उक्त दुई वटा गा.वि.स. मा रहेको ११ वटा विद्यालय मध्ये गोलाप्रथाको आधारमा दूई वटा विद्यालयलाई छानीएको थियो । यसरी अध्ययनको नमुना छनोट गरिएको थियो । (छनोटमा परेका विद्यालय अनुसूची ४ मा राखिएको छ ।

### ३.२.२ प्र.अ. र शिक्षकको छनोट

छनोटमा परेका प्रत्येक विद्यालयका सि.क. विषय पढाउने शिक्षकलाई स्वत छनोट गरिएको छ । जसमा दुई वटा विद्यालयका २-२ जना विषय शिक्षक उत्तर दाताका रुपमा थिए । यस अध्ययनका लागि छनोटमा परेका २ वटा विद्यालयका २ जना प्र.अ. स्वत नमुना छनोटमा परेकाछन । र उनीहरु प्र.अ. उत्तर दाताका रुपमा छनोट गरिएका थिए -जुन नामावली अनुसूची ५ मा राखिएको छ) ।

### ३.२.३ विद्यार्थी छनोट

नमुना छनोटमा परेका २ वटा विद्यालयबाट विद्यार्थी उत्तर दाता छनोट गर्दा गोला प्रथाकै आधारमा प्रत्यक विद्यालयका कक्षा ५ का विद्यार्थीबाट २ जना छात्र र २ जना छात्रा, कक्षा ४ का विद्यार्थी मध्यबाट २ जना छात्र २ छात्रा जस्तै ३ २ र १ का गरी जम्मा ४ जनाका दरले २० जना विद्यार्थीहरुलाई छनोट गरिएको थियो (जुन नामावली अनुसूची ६ मा राखिएको छ) ।

### ३.३.४ वि.व्य.श. अध्यक्ष, अभिभावक उत्तर दाता छनोट

यो अध्ययनका लागि छनोटमा परेका चाल्सा र कुईका गा.वि.स का २ वटा विद्यालयका वि.व्य.स. अध्यक्ष र उक्त विद्यालयमा अध्ययनरत वालवालिकाका अभिभावक र स्थानीय सरोकारवालालाई छनोट गरिएको थियो । (जुन नामावली अनुसूची ३ मा राखिएको छ) ।

### ३.३ अध्ययनका साधनहरुको निर्माण

यस अध्ययनका उद्देश्यहरु पुरा गर्न विभिन्न साधनहरु प्रयोग गरिएका छन् । प्राथमिक तहमा सि.क. विषय कसरी पठनपाठन भैरहेको छ र यस विषयको पठनपाठनमा कस्तो जनशक्ति र के कस्ता शिक्षण सामग्री प्रयोग भइरहेका छन् भन्ने कुरा पत्ता लगाउन निम्न प्रकारका तथ्याङ्क संकलनका साधनहरु प्रयोग गरिएको थियो ।

क) प्रश्नावली

ख) कक्षा अवलोकन फारम

### ३.३.१ प्र.अ. को लागि प्रश्नावली निर्देशिका

सि.क. विषयको पठनपाठन अवस्था मानव साधन र शिक्षण सामग्रीको प्रयोगात्मक अवस्था सम्वन्धी तथ्याङ्क प्राप्त गर्नका लागि अन्तर्वाता प्रश्नावली निर्माण गरी प्रयोग गरिएको थियो । (प्र.अ. का लागि प्रश्नावली निर्देशिका अनुसुची १.१ मा राखिएको छ)

### ३.३.२ शिक्षकको लागि प्रश्नावली निर्देशिका

यस अध्ययनका लागि शिक्षण सामग्रीको अवस्था विषयगत ज्ञान, तालिमको अवसर, सामग्रीको प्रयोगात्मक क्षमता सम्वन्धी तथ्याङ्क प्राप्त गर्ने उद्देश्यले शिक्षक अन्तर्वाता प्रश्नावली निर्माण गरी प्रयोग गरिएको छ । जसमा खुल्ला र वन्द प्रश्नावली प्रयोग गरिएको थियो । -जुन नामावली (अनुसूची १.२ मा राखिएको छ) ।

### ३.३.३ विद्यार्थी अन्तर्वाता प्रश्नावली निर्देशिका

सि.क. विषय पठनपाठनको वेलामा प्रयोग हुने सामग्रीको अवस्था र कक्षामा हुने विद्यागत पठनपाठन प्रक्रियाको बारेमा तथ्याङ्क प्राप्त गर्नको लागि अन्तर्वाता प्रश्नावली निर्माण गरी प्रयोग गरिएको थियो । -जुन नामावली अनुसूची १.३ मा राखिएको छ ।

### ३.३.४ कक्षा अवलोकन फारम निर्देशिका

शिर्षक, शिक्षण विधि, शिक्षण सामग्रीको प्रयोग शिक्षकको विषयवस्तुप्रतिको ज्ञान, विद्यार्थी सक्रियता, कक्षा कोठाको व्यवस्थापन, विद्यालयको वातावरण, शिक्षण सामग्रीको उपलव्धता सम्वन्धि तथ्याङ्क संकलन गर्नका लागि कक्षा अवलोकन फारमको निर्माण गरी प्रयोग गरिएको थियो । -कक्षा अवलोकन फारम अनुसूची २ मा राखिएको छ) ।

### ३.३.५ वि.व्य.स.अध्यक्ष र स्थानीय सरोकारवालाका लागि अन्तर्वाता प्रश्नावली निर्देशिका

यस सिर्जनात्मक कला विषयको पाठ्यक्रम पठनपाठनको अवस्था र यस विषयको शिक्षणका क्रममा उपलब्ध स्रोत सामग्री र यस विषयलाई आधारभूत तहमा मात्र सिमित गरिएको छ । यसका वारेमा धारणा के छ ? बुझ्नका लागि अन्तर्वाता प्रश्नावली निर्माण गरी प्रयोग गरिएको थियो । -यस प्रश्नावलीलाई अनुसूची ३ मा राखिएको छ) ।

## ३.४ साधनहरुको वैधानिकता

उपयुक्त ४ किसिमका साधानहरुको वैद्यानिकिकरणका लागि सोधकर्ताले सर्वप्रथम प्रश्नावली र कक्षा अवलोकन फारम तयार गरी उक्त साधनहरुको वैद्यता हेर्नका लागि सम्वन्धित विषय ज्ञाताहरुसँग परामर्स गरी अनुमोदित साधनहरुलाई निर्देशकको परामर्सको आधारमा अन्तिम रुप दिइएको छ । त्यसपछि आवश्यक संख्यामा पुग्ने गरी साधन निर्माण गरी प्रयोग गरिएको थियो ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि अछाम जिल्लाका ७५ वटा गा.वि.स. मध्ये पनि क्षेत्र नं. २ का ३६ गा.वि.स. मध्ये २ वटा गा.वि.स. लाई छनोट गरिसकेपछि उक्त गा.वि.स.का ११ वटा विद्यालयमध्ये २

वटा विद्यालयलाई गोलाप्रथाद्धारा छनोट गरिएको छ । ती २ वटा विद्यालयहरुका प्र.अ. सि.क पढाउने विषय शिक्षक र प्रत्येक प्रा.वि. तहका कक्षाबाट ४/४ जनाका दरले २० जना छात्र छात्रालाई गोलाप्रथा द्धारा छनोट गरिएको छ । जसमा विद्यार्थीहरु शिक्षक, प्र.अ. र वि.व्य.स. अध्यक्षलाई संलग्न गराएर अन्तर्वाता प्रश्नावली र कक्षा अवलोकन फारमको सहयोगबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेशण प्रक्रिया

यस प्राथमिक तहमा सि.क. विषय पठनपाठनको अवस्था अध्ययनका लागि प्रयोग गरिने प्रश्नावली, अन्तर्वाता र कक्षा अवलोकन फारमको सहयोगबाट प्राप्त कोरा तथ्याङ्कहरुलाई तालिकिकरण गरिएको छ । उक्त तालिकिकरणको आधारमा प्राप्त तथ्याङ्कलाई उपयुक्त किसिमले गुणात्मक विधि अपनाई व्याख्या र विश्लेषण गरिएको छ ।

## परिच्छेद - ४

## तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण

प्राथमिक तहमा सिर्जनात्मक अभिव्यक्तिशिल कला विषयको पाठ्यक्रम, सरोकारवालाको धारणा तथा पठन पाठनको अवस्था अध्ययनका लागि प्रयोग भएका साधनहरु अन्तवार्ता, प्रश्नावली, कक्षा अवलोकन फारम र छलफलको सहयोगवाट संकलन गरिएको तथ्याङ्कलाई विश्लेशण गर्नका लागि उपयुक्त किसिमले गुणात्मक विधिको प्रयोग गरी यस परिच्छेदमा व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्ययन अनुसन्धानसँग सम्वन्धित वा छनौटमा परेका २ वटा विद्यालयका प्र.अ. हरुसँग अनुसन्धान कार्यद्धारा सिर्जनात्मक तथा अभिव्यक्तिशिल कला विषयसँग सम्वन्धित विभिन्न शिर्षकहरुमा गरिएको अन्तवार्ताको आधारमा प्राप्त गरिएका धारणा, विचार वा विभिन्न तथ्याङ्कहरुको व्याख्या र विश्लेषण सिलसिलेवार तरिकाले गर्ने प्रयास गरिएको छ ।

### ४.१ सि.क. विषयको पठनपाठनको वर्तमान अवस्था

यस विषयको पठनपाठनको अवस्थाका बारेमा विद्यालयका प्र.अ. सँग छलफल गर्दा यस विषयको क्षेत्रगत पाठ्यभार प्रतिहप्ता ३ घण्टी, प्रंतिघण्टी समय ४५ मिनेट रहेको जानकारी भयो, जसमा कक्षा १ देखि ५ सम्म गाएन र वादनलाई प्रति कक्षा ४ घण्टी, नृत्यलाई कक्षा १ देखि ५ सम्म ३-३ घण्टी र अभिनयलाई कक्षा १-२ मा १-१ घण्टी र कक्षा ३, ४ र ५ मा २-२ घण्टीका दरले समय तोकी पठनपाठन भएको भन्ने कुरा जानकारी भयो । यस विषयको शिक्षणका लागि आवश्यक दक्ष जनशक्तिको अभाव भएको र सम्वन्धित शिक्षकले विनातालिम अनुभवको आधारमा पठनपाठन गराउने गरेको जानकारी भयो । तर पनि प्रा.शि.पा. २०६२ ले २० प्रतिशत पाठ्यभारका लागि स्थानीय आवश्यकता अनुरुपको पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने व्यवस्था अनुरुप यो पाठ्यक्रम तयार पारी लागु गरिएको छ । त्यसै गरी चित्रकलालाई रेखाचित्रहरु प्रतिकक्षा २-२ घण्टी, रंग प्रतिकक्षा ३ घण्टी, बुनाई कक्षा ४ र ५ मा ३-३ घण्टी र माटोको काम कक्षा १ देखि ५ सम्ममा प्रतिकक्षा ३ घण्टीको व्यवस्था गरी पठनपाठन भएको पाईयो ।

#### ४.१.१ सि.क. विषय शिक्षणका लागि शिक्षकको व्यवस्था

सि.क. विषय शिक्षणका लागि शिक्षकको व्यवस्थाका सम्वन्धमा पशुपति उच्च मा.वि. चाल्सा र भूवनेश्वरी प्रा.वि. कुईकाका प्र.अ. सँग अन्तवार्ता गर्दा यस विषयको लागि शिक्षण गर्ने विषय शिक्षक छुट्टै नभएको र विद्यालयमा वा प्रा.वि. तहमा अन्य विषय शिक्षण गर्ने शिक्षकले शिक्षण गर्ने गरेको कुरा प्र.अ. हरु बाट व्यक्त भयो । जसमा पशुपति उच्च मा.वि.मा नेपाली विषय पढाउने शिक्षक र भूवनेश्वरी प्रा.वि.मा वातावरण विषय पढाउने शिक्षकले शिक्षण गर्ने गरेको कुरा जानकारी भयो ।

#### ४.१.२ विद्यालयमा सि.क विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था

यस विषयका वारेमा प्र.अ. सँग अवधारणा वुझ्दा विद्यालयमा नेपाल सरकारद्धारा उपलब्ध गराइएको सि.क. विषयको पाठ्यक्रम र शिक्षक निर्देशिका उपलब्ध भएको तर पाठ्यपुस्तकको प्रयाप्त व्यवस्था नभएको धारणा पाइयो र वजारमा विभिन्न प्रकाशकहरुद्धारा प्रकाशन गरिएका पुस्तकहरुमा एकरुपता नभएकाले पाठ्यपुस्तक खरिद गर्न कठिनाई भएको कुरा प्र.अ. हरुबाट व्यक्त भयो । पशुपति उच्च मा.वि.मा १०/१२ जना र भूवनेश्वरी प्रा.वि.मा ४/५ जना विद्यार्थीलाई मात्र पाठ्यपुस्तको व्यवस्था गर्न सकेको र अन्य विद्यार्थीसँग पाठ्यपुस्तक नभएको कुरा प्र.अ. बाट व्यक्त भयो ।

#### ४.१.३ सि.क. विषयको विषयवस्तु र पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यहरु विचको सम्वन्ध

यस विषयको विषय वस्तु र पाठ्यक्रमले निर्धारण गर्दा उद्देश्यहरु विच घनिष्ट सम्वन्ध छ । पाठ्यक्रम अनुसारको विषयवस्तु राखिएता पनि पाठ्यपुस्तक सरकारी तवरबाट प्रयाप्त मात्रामा प्राप्त हुन नसकेको ले पाठ्यक्रम कार्यान्वयनमा समस्या वा कमीकमजोरी रहेको कुरा व्यक्त भएको थियो ।

#### ४.१.४ पाठ्यक्रमका विषयवस्तु अन्तर्गत क्रियाकलापमा देखा परेका समस्याहरु

पाठ्यक्रममा विषयवस्तु र क्रियाकलापलाई हेर्दा विद्यार्थीहरु यस विषय प्रति उत्सुक भई सिक्न चाहने विषयको रुपमा संगित चित्रकला र हस्तकला रहेकाले सहज वातावरणमा सिकाउन सकिने तर विद्यालयमा प्रयाप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध नहुनु र उपलब्ध भएका कतिपय सामग्रीको प्रयोग सम्वन्धि प्रयाप्त ज्ञान वा तालिम नभएका कारण प्रयोग गर्न नसकिने कुरा विषय शिक्षकबाट प्राप्त भयो । यसरी किवोर्ड, हार्मोनियम जस्ता वादन सामग्रीको ज्ञान नभएको कारण प्रयोग गर्न कठिनायी भएको कुरा शिक्षक बाट प्राप्त भयो ।

#### ४.१.५ सि.क. विषयसँग सम्वन्धित अवधारणा

सि.क. विषयलाई प्रा.वि. तहमा मात्र किन सिमित गरियो ? के यो व्यवस्था ठिक छ ? भन्ने प्रश्न गर्दा दुवै विद्यालयका प्र.अ. को धारणा एउटै रहयो । जसमा यस विषयलाई प्रा.वि. तहमा मात्र सिमित नगरी मा.वि. तहसम्म राखिनुपर्ने र यसलाई अनिवार्य गराई यस विषयको शिक्षणका लागि विषय शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने प्रतिक्रिया रहयो । उनको भनाईमा सि.क. विषय सैद्धान्तिक विषय नभएर व्यवहारीक विषय भएको र यसले शिक्षाको प्रत्यक्ष वा व्यवहारीक रुपमा गरेर सिक्न आवश्यक विभिन्न किसिमको विकास गर्न सक्ने कुरा व्यक्त भयो ।

### ४.२ शिक्षण सामग्रीको अवस्था र शिक्षण प्रक्रिया

यस अध्ययन अन्तर्गत नमुना छनोटमा परेका २ वटा विद्यालयका सिर्जनात्मक तथा अभिव्यक्तिशिल कला विषय शिक्षण गर्ने शिक्षकसँग अनुसन्धानकर्ताद्धारा उक्त विषयको सम्वन्धमा

विभिन्न शिर्षकमा आधारीत रहेर गरिएको अन्तवार्ताको आधारमा प्राप्त विभिन्न तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण यसप्रकार गरिएको छ ।

सि.क. विषयको शिक्षणका लागि शैक्षिक सामग्रीको व्यवस्थाको वारेमा प्र.अ. सँग बुझ्दा, शिक्षणका लागि शैक्षिक सामग्री विद्यालयमा प्रयाप्त मात्रामा उपलब्ध गराउन नसकिएको र स्थानीय तहमा उपलब्ध हुन सक्ने, वाध्य सामग्री अन्तर्गत, मादल, खैजडी र ढोलको प्रयोग गर्ने गरिएको हस्तकलाका लागि माटो, काठबाट वनेका सामग्री, कागजका विभिन्न सामग्रीहरु र चित्रकलाका लागि रङ्ग र ब्रसको प्रयोग गर्ने गरेको धारणा पाइयो । विद्यालयमा उपलब्ध नभएका आवश्यक शैक्षिक सामग्री केही विद्यालय वाहिरबाट खोजेर ल्याई प्रयोग गरीने गरेको प्रतिक्रिया व्यक्त भयो ।

### ४.२.१ शिक्षण सामग्रीको व्यवस्थापन र प्रयोग सम्बन्धमा

यस सि.क. विषयसँग सम्वन्धित शिक्षण सामग्रीहरुमध्य विद्यालयमा उपलब्ध शिक्षक निर्देशिका, पाठ्यक्रम, मादल, खैजडी लगाएत अन्य सामग्रीको सिमित मात्रामा व्यवस्था भएपनि अन्य आवश्यक हार्मोनियम, तवला, किवोर्ड जस्ता सामग्रीको व्यवस्थापन र प्रयोग हुन नसकेको र उपलब्ध सामग्री पनि शिक्षकको तालिम र अनुभवको अभावले प्रयोगमा त्यति प्रभावकारीता ल्याउन नसकिएको कुरा दुवै विद्यालयका प्र.अ. बाट व्यक्त भएको थियो ।

### ४.२.२ विद्यालयमा सि.क. विषय अध्यापन गर्ने शैक्षिक सामग्रीको अवस्था सम्बन्धमा

विद्यालयमा सि.क. विषय अध्यापन गर्न आवश्यक पर्ने संगित सम्वन्धि विभिन्न वाध्य सामग्री जस्तैः- हार्मोनियम, तवला, मादल र चित्रकला, हस्तकलाका लागि रङ्ग, ब्रस लगाएत अन्य आवश्यक सामग्रीको अभाव भएको वा प्रर्याप्त मात्रामा उपलब्ध नभएको कुरा दुवै विद्यालयका विषय शिक्षकहरुद्धारा व्यक्त भयो ।

### ४.२.३ शिक्षण सामग्री विद्यालय बाहिरबाट ल्याएर प्रयोग गर्ने सम्बन्धमा

यस विषयको शिक्षणमा आवश्यक पर्ने शैक्षिक सामग्री मध्य संगित अन्तर्गत केही मात्रामा मादल, खैजडी, धुँधुँरा र चित्रकलाका लागि र हस्तकला लागि प्रयोग गरीने र स्थानीय स्तरमा प्राप्त गर्न सकिने सामग्रीहरु विद्यालय वाहिरबाट ल्याएर प्रयोग गर्ने गरेको कुरा दुवै विद्यालयका विषय शिक्षकबाट जानकारी भयो ।

### ४.२.४ पठनपाठनलाई प्रभावकारी बनाउने

यस विषयको पठनपाठनलाई प्रभावकारी बनाउन शिक्षकहरुलाई प्रयाप्त तालिमको अवसर प्राप्त नभएको भन्ने प्रतिक्रिया पाइयो । तर भूवनेश्वरी प्रा.वि.का प्र.अ. ले प्रा.शि.ता १० महिने तालिम लिदा

समेत यस विषयको शिक्षण सम्वन्धमा सामान्य जानकारी प्राप्त भएता पनि विषयगत दक्षता प्राप्त हुने तहको तालिम गर्ने अवसर प्राप्त नभएको प्रतिक्रिया रहयो ।

### ४.३ शिक्षण प्रक्रियाको सम्बन्धमा

यस सि.क. विषयको शिक्षण प्रक्रियाका सम्बन्धमा सम्बन्धित क्षेत्रमा गई अध्ययनका क्रममा उपलब्ध भएका तथ्यहरुलाई यहाँ विभिन्न उपशिर्षकमा राखी व्याख्या गरिएको छ ।

#### ४.३.१ संगित अन्तर्गत गाउने बजाउने र नाच्ने क्षमता

विषय शिक्षकको धारणा अनुसार पाठ्यक्रममा दिइए अनुसारका ताल बजाउन र नृत्य नाच्न नसकिएता पनि विभिन्न तालमा मादल, खैजडी बजाउन लोकगित, झ्याउरेगीत, राष्ट्रियगीत, कक्षागत गीत र स्थानीयस्तरमा लोक देउडागीत स्वर मिलाएर गाउनुका साथै कविताहरु सस्वर वाचन गर्ने र माथि उल्लेखित गीतको लएमा नाच्ने गरेको कुरा व्यक्त भयो । यति हुँदाहुँदै पनि वाद्यवादनका लागि वा संगीत बजाउने कुरामा समस्या भएको कुरा व्यक्त भयो ।

#### ४.३.२ चित्रकला शिक्षण सम्वन्धमा

चित्रकला शिक्षण सम्वन्धमा शिक्षण गर्दा वस्तुको रेखाङ्कित चित्र प्रदर्शन र वास्तविक वस्तुका चित्रलाई कक्षामा प्रदर्शन गरी त्यसको नक्कल गर्न लगाएर विस्तारै छायाँ पार्न लगाई प्रयोग गरी चित्र रंगाउन समेत सिकाएर शिक्षण गरिने कुरा व्यक्त भयो ।

#### ४.३.३ गाएन शिक्षण सम्वन्धमा

यस सि.क. विषय अन्तर्गत गाएन क्षेत्रलाई अध्यापन गर्दा कक्षामा विद्यार्थीलाई लोकलयमा आधारित झ्याउरे गीत, राष्ट्रिय गीत, कक्षागत गीत, देउडागीत, तथा विभिन्न बालगीतहरु शिक्षक स्वयम्ले गाई विद्यार्थीलाई स्वर नक्कल गरी गाउन लगाई शिक्षण गरिन्छ भन्ने प्रतिक्रिया पाइयो ।

#### ४.३.४ वादन शिक्षण सम्वन्धमा

सि.क. विषय अन्तर्गत रहेको वाधावादन अन्तर्गत अध्यापन गर्दा विद्यार्थीलाई विद्यालयएमा उपलब्ध वाजाहरु र उपलब्ध नभएका वाजाहरु स्थानीय स्थरबाट खोजेर ल्याएर वजाउन सिकाएको कुरा जानकारी भयो । अन्य वाजाहरु जस्तै, हार्मोनियम किवोर्ड, तवला जस्ता वाजाहरु जुटाउन अप्ठ्यारो भएको र वजाउने सिप स्वयम शिक्षकहरुसँग पनि नभएको प्रतिक्रिया पाइयो ।

#### ४.३.५ नृत्य शिक्षण सम्वन्धमा

विभिन्न किसिमका नृत्यहरु यस विषय शिक्षण अन्तर्गत दिइएको भएतापनि लोक नृत्य र स्थानीय स्तरको नृत्य विद्यार्थीलाई हाउभाउसहित विभिन्न तरिकाले अभ्यास गराइन्छ । अन्य विभिन्न नाचहरु जस्तै, छलिया, थारू नाच, आदि नाचको अनुभव नभएकाले सिकाउन नसकिएको भन्ने प्रतिक्रिया शिक्षकबाट व्यक्त भयो ।

#### ४.३.६ अभिनय शिक्षणको

अभिनय अन्तर्गत विभिन्न व्यक्तिको जनावरको चराचुरूङ्गीको वोलिको नक्कल गर्ने गरेर विभिन्न पात्रहरुको नाटकिए रुपमा आफुले अभिनय गरेर र उनीहरुलाई पनि त्यसै अभिनय गर्न लगाएर शिक्षण गर्ने गरेको प्रतिक्रिया विषय शिक्षकबाट जानकारी भयो ।

#### ४.३.७ हस्तकला र चित्रकला शिक्षणको

हस्तकला विषय शिक्षण गर्दा वालवालिकाको रुचि अनुसार मोटो, पिठो, भुस, बालुवा, काठ र कागजका विभिन्न आकृति निर्माण गरेर उनीहरुलाई देखाई उनीहरुलाई पनि निर्माण गर्न लगाए आवश्यक रंङ्ग लगाएर सिकाउने गरेको कुरा व्यक्त भयो ।

### ४.४ सि.क. विषयका शिक्षण प्रक्रियाका सम्बन्धमा विद्यार्थीको धारणा

#### ४.४.१ विद्यार्थी

यस अध्ययनका लागि छनोट भएका २ वटा विद्यालयका ५ वटा कक्षा बाट प्रत्येक कक्षाबाट २ छात्र र २ छात्रा गरी जम्मा २० जना विद्यार्थीसँग सि.क. विषय सँग सम्वन्धित विभिन्न शिर्षकमा आधारी रहेर प्रश्नावली सहयोगले छलफल गरी प्राप्त तथ्याङ्कका आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.४.२ कक्षामा सि.क. विषय अन्तर्गत सिकाई विषयवस्तुको औचित्य

कक्षामा सि. अ. विषय शिक्षण गर्दा शिक्षकले गीत गाउने, नाच्ने तथा चरा, फलफूल, पात, कापी, कलम, घर, जनावरका चित्रहरु आदि कालो पार्टीमा बनाई लेख्ने सिकाउनु हुन्छ भन्ने प्रतिक्रियाको विद्यार्थीद्धारा व्यक्त भयो ।

#### ४.४.३ सि.क. विषय शिक्षण गर्ने विधि सम्वन्धमा

सि. अ. विषय शिक्षण गर्दा शिक्षकले कसरी शिक्षण गर्नु हुन्छ ? भन्ने प्रश्नमा विद्यार्थीहरुबाट यस विषयको पिरियडमा सर कक्षामा आई कक्षागत गीतका साथै तिमिहरुले जानेको गीत गाऊ र गीतको लएमा नाच भनी नाच्न लगाउनु हुन्छ, चित्रहरु बनाउन लगाउनु हुन्छ र कहिलेकाही कालो पाटीमा चित्र कोरी बनाउन लगाउनु हुन्छ भन्ने कुरा व्यक्त भयो ।

### ४.४.४ सि.क. विषय शिक्षणका लागि प्रयोग गरिने शैक्षिक सामग्रीका सम्वन्धमा

सि.क. विषय शिक्षणको समयमा कक्षामा सिक्षकले सामान्य केही शिक्षण सामग्री जस्तै, मादल, खैजडी, धुँधुँरा लयाएर बजाई हामीलाई बजाउन लगाउनु हुन्छ र गीत गाई नाच्न लगाउनु हुन्छ साथै अन्य सामग्रीमा कहिले काही फलफूलका चित्र भएका पोष्टर, नेपालको नक्सा, जनावरका चित्रहरू ल्याएर देखाउने गरेको कुरा व्यक्त भयो । र कहिले काही कालो पाटिमा चित्र कोरी बनाउन लगाउनु हुन्छ भन्ने धारणा विद्यार्थी प्रतिक्रियाबाट व्यक्त भयो ।

### ४.४.५ गीत गाउने कला सम्बन्धमा

गीत गाउने कलाको सम्वन्धमा शिक्षकबाट सिक्ने अवसर आएको र लोकगीत र आफ्नो स्थानीय देउडागीत गाउन आफुले अन्य माध्यामबाट पनि सिकेको कुरा व्यक्त भयो । अन्ने गीतहरु गाउने र सिक्ने अवसर प्राप्त नभएको जानकारी विद्यार्थीहरुले दिए ।

### ४.४.६ वादन कला सम्वन्धमा

वादनकला सम्वन्धमा विद्यालयमा पर्याप्त मात्रामा सामग्रीको प्रयोग हुने नगरेको र प्रयोग हुने सामग्री जस्तै : मादल, खैजडी, धुँधँराहरु गीतको लयमा बजाउन जानेको कुरा केही विद्यार्थीले व्यक्त गरे र उनीहरुका अनुसार हामीलाई सिकाउने सरहरुसँग पनि यस्ता सामग्री बजाउने कलाको अभाव छ भनी प्रतिक्रिया दिए ।

### ४.४.७ नृत्यकला सम्वन्धमा

नृत्य अन्तर्गत विद्यार्थीले सामान्य लोकनृत्य र स्थानीय नृत्यहरु हाउभाउको साथमा नाच्न जानेको तर शिक्षकबाट अन्य नृत्यअरु सिक्न नपाएको गुनासो व्यक्त गरे कतिपपय विद्यार्थीहरु नाच्न लजाउने भएका कारण शिक्षकले जुन विद्यार्थी नाच्न सक्दछ उसैलाई बढी नाच्न लगाउने गरेको प्रतिक्रिया पाइयो ।

### ४.४.८ अभिनयकलाका सम्वन्धमा

सि.क. विषय अन्तर्गत अभिनयकलामा विद्यार्थीहरुले विभिन्न प्राणीको आवज नक्कल गर्ने गरेको कतिपय कुरा आफैले जानेको र कतिपय कुरा शिक्षकबाट सिक्न पाएको जानकारी गराए तर अन्य कथा नाटकका पात्रहरुको अभिनय र व्यक्तिका आवाजहरुको नबक्कल गर्न नजानेको र विद्यालयमा सिक्ने अवसर नपाएको भन्ने धारणा व्यक्त गरे । तर केही विद्यार्थीले बालनाटकमा अभिनय गरेको कुरा व्यक्त गरे ।

### ४.४.९ चित्रकला सम्वन्धमा

हस्तकला सम्वन्धमा शिक्षकबाट माटो, कागज र काठबाट विभिन्न वस्तु बनाउन सिकेको जसमा चरा, गमला, टोपी, फलफूलका आकृति, भकुण्डो आदि र अन्य केही सामग्री बनाउन आफै सिकेको कुरा व्यक्त भयो जसमा डुङ्गा, क्यामरा बन्दुक आदि ।

## ४.५ सि.क. विषयको आवश्यकता र महत्व सम्वन्धी स्थानीय सरोकारवालाको धारणा

### ४.५.१ सि.क. विषय शिक्षणका लागि तालिमको औचित्य

यस विषयसँग सम्वन्धित विभिन्न शैक्षिक सामग्रीको प्रयोगात्मक तालिमको अवसर प्राप्त नभएको, सामान्यतया चित्र कोर्न, मादल, धुँधुँरा, खैजडीलाई लोक भाकामा बजाउन, ब्रस र रंगको प्रयोग गरी सामान्य चित्र लेख्न, माटो र कागजका विभिन्न वस्तुहरु जस्तै : फूल, गमला, भकुण्डो, चरा, टोपी आदि बनाउने तरिका शिक्षक निर्देशिकाको आधारमा बनाउन र सिकाउन सकिने धारणा विषय शिक्षकबाट व्यक्त भयो ।

### ४.५.२ सि.क. विषय प्रा.वि. तहमा मात्र सीमित गरिएका सम्वन्धमा

यस विषयलाई प्राथमिक (१-५) तहमा मात्र सीमित नगरी माथिल्लो तहसम्म विस्तार गरिनु पर्ने धारणा पाइयो । हाल यस विषयलाई आधारभूत तह १-८ सम्म विस्तार गरिएको र पछि विस्तारै मा.वि. तह सम्म विस्तार गर्नुपर्ने धारणा पाइयो । तर यसलाई अझैं प्रभावकारी बनाउन अलग्गै विषय शिक्षकको व्यवस्था गरी विषय शिक्षकलाई यस विषयको बारेमा आवश्यक तालिम प्रदान गर्नु पर्ने कुरा शिक्षकहरुबाट प्राप्त भयो ।

### ४.५.३ वि.व्य.स. अध्यक्षको धारणा

यस विषयसँग सम्वन्धित रहेर विव्यस अध्यक्षहरुसँग छलफलगर्दा यो विषय शिक्षणका लागि र विद्यार्थीलाई सिक्ने रमाइलो विषय भएको र विद्यार्थीले यसबाट विभिन्न कुराको विकास गर्न सक्छन् भन्ने पाइयो तर यस विषयको पाठ्यपुस्तक र आवश्यक शैक्षिक सामग्रीको उपलब्धता नभएको कारण यो विषयलाई हाल खाली एउटा मनोरञ्जनात्मक विषयका रुपमा लिइएको छ भन्ने धारणा पाइयो । यो विषय आवश्यक मात्रामा शैक्षिक सामग्री र पाठ्यपुस्तक विना, लक्ष्य विनाको गन्तव्य जस्तै भएकोले माथिल्लो सतरबाटै पर्याप्त मात्रामा पाठ्यपुस्तकको व्यवस्था गरी स्थानीयस्तरका संस्कृतिलाई मध्यनजर गरी, स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीमा जोड दिनुका साथै अलग्गै विषय शिक्षकको व्यवस्था गर्नुपर्ने र शिक्षकलाई आवश्यक मात्रामा प्रयोगात्मक तालिमको व्यवस्था गर्नुपर्ने प्रतिक्रिया व्यक्त भयो ।

#### ४.५.४ अभिभावकहरुको धारणा

यस सि.क. विषयको बारेमा अभिभावक सँगको कुराकानीमा आफ्ना छोराछोरीहरु नाच्न, गाउन र रमाइलोका लागि पनि स्कुल जाने गरेको कुरा व्यक्त भयो । यसरी उनीहरु नियमित विद्यालय जाँदा पढाइका बारेमा उनीहरु धेरै कुरा बुझ्न सक्नेछन् भन्ने कुरा व्यक्त गरे । केही अभिभावकले यो विषय खाली मनोरञ्जनको लागि मात्र हो भन्न समेत बाकी राखेनन् । भूवनेश्वरी प्रा.वि. कुइकामा अध्ययनरत विद्यार्थीका केही अभिभावकले विद्यालयमा दलित र ब्राह्मणका छोरा छोरी यस विषयका वेला संगै नाच्ने गर्दा समाजमा नराम्रो हुने हुदा यस विषयको शिक्षण गर्दा दलित र ब्राह्मणका विद्यार्थीलाई अलग अलग राख्नुपर्ने विचार व्यक्त गरे । उनले भने हामी त ब्राह्मण हौ । हाम्रो जातले नाच्ने गाउने भन्दा धर्म पुजाआजा वेद पुराण पढ्ने कुरातिर ध्यान दिनुपर्दछ । यो नाच्ने गाउने वजाउने कुरा हामीले गर्नु हुदैन भने तर पनि कतिपए अभिभावकले जुनसुकै कुराको ज्ञान सीप सिक्न कुनै जातले नरोक्ने कुरा व्यक्त गरे ।

### ४.६ कक्षाकोठाको शिक्षण सिकाई प्रक्रिया तथा शैक्षिक सामग्रीको उपयुक्तता

- शिक्षण विधि
- शैक्षीक सामग्रीको उपयोगिता र प्रयोग
- विद्यार्थीको सहभागिता
- कक्षा कोठाको व्यवस्थापन
- मूल्याङ्कन प्रक्रिया
- विषय शिक्षकको दक्षता

#### ४.६.१ कक्षा शिक्षणका क्रममा शिक्षण विधिको अवस्था

सि.क. विषयको शिक्षणका समयमा कक्षा अवलोकनका लागि श्री भूवनेश्वरी प्रा.वि.कुइकाका प्र.अ.सँग पशुपति उच्च मा.वि.का प्र.अ. सँग अनुमति लिई कक्षा अवलोकन गर्दा कक्षा शिक्षकले विद्यार्थीलाई संगित शिर्षक अन्तगर्त खैरेनिमा गेट भन्ने लोकगीत गाउन लगाउनु भएको थियो । विद्यार्थीहरु मादलको तालमा तालि बजाउदै गीत गाइरहेका थिए । त्यहाँ मादलको तालमा अन्य कुनै वाद्यसामग्रीको प्रयोग गेको देखिएन भने कक्षा ४ मा सरर पानी घट्टमा भन्ने लोकगीतमा विद्यार्थीहरुलाई नचाइरहनु भएको थियो । यसरी हरेक कक्षाको अवलोकन बाट के देखियो भने शिक्षकले शिक्षण विधिमा शिर्षक केन्द्रीत विधि र विद्यार्थी केन्द्रित विधि प्रयोग गरेको पाइयो । जसमा शिक्षकले विद्यार्थीलाई गरेर सिक्नका लागि प्रोत्साहित गर्नु भएको थियो । यसरी कक्षा कोठामा शिक्षण सिकाइका क्रममा प्रयोग गरिएका विधिहरु उपयुक्त नै देखिन्थ्ये जसमा विद्याथीलाई खेलका माध्यमबाट छलफल विधि प्रयोग गरेको पाइयो । जसमा कक्षा १ र २ वहुकक्षा शिक्षण विधि पनि प्रयोग गर्नु भएको थियो । यसरी बहुकक्षा

शिक्षण गर्नुपर्नाको कारण सोध्धा शिक्षकको अभाव भएको कारणले यो विधि प्रयोग गरेको भन्ने कुरा व्यक्त भयो ।

### ४.६.२ शैक्षिक सामग्रीको उपयुक्तता र प्रयोग

यस सिर्जनात्मक कला विषयको शिक्षणका लागि प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोगका सम्वन्धमा जानकारी लिन विभिन्न कक्षा अवलोकनका क्रममा देखिएका कुराहरु यसप्रकार छन ।

- हार्मोनियम, मादल, धुँधुँरा, खैजडी, सामग्रीहरु संगित शीर्षक अन्तर्गत प्रयोग गरिएका थिए जसमा गीतको लयमा मादल लगाएत अन्य सामग्री वजाएर त्यसको तालमा नाच्न र गाउन लगाएको पाइयो कक्षा ३, ४, ५ मा केही विद्यार्थीले मादलको तालमा गाउन नाच्न र गीतको लयमा वाजा बजाउन जाने पनि कक्षा १ र २ मा शिक्षकले नै मादल बजाउने र विद्यार्थीलाई गाउन नाच्न लगाएको पाइयो उक्त कक्षामा मादल भन्दा अर्को सामग्री प्रयोग नगरेको पाईयो
- चित्रकला र हस्तकला अन्तर्गत विभिन्न वस्तुका चित्रहरु कालोपाटीमा कोरेर र केही पोष्टर र चित्रको नक्सा ल्याएर विद्यार्थीलाई देखाई शिक्षण गर्ने गरेको पाइयो ।
- विद्यार्थीहरुले चित्रकोर्न कागजका फलफूल, डुङ्गा आदि बनाउन जानेपनि रंङ्ग भर्न नजानेको कुरा व्यक्त गरिएको थियो ।

  यसरी हेर्दा सि.क. विषयको शिक्षणका क्रममा प्रयोग गरिने सामग्रीहरु प्रयाप्त मात्रामा प्रयोग नभएको पाइयो । यसरी शिक्षण सामग्रकिो अभावमा यो विषयको शिक्षण प्रभावकारी नभएको कुरा प्रष्ट छ । यसरी यसको उपयुक्तता हेर्दा प्रयोग गरिएका सामग्री पनि प्रयोग गरी विद्यार्थीलाई सिकाउन अप्ठ्यारो त पर्ने नै छ भने शिक्षणका क्रममा प्रभावकारी सामग्रीको अभावमा विद्यार्थीमा ज्ञान सीप र सिर्जनशिलता विकास हुन नसक्ने देखिन्छ

### विद्यार्थी सहभागिता

सि.क. विषयको शिक्षणका समयमा विद्यार्थी सहभागिताका बारेमा यथार्थता पत्ता लगाउन अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा कक्षा शिक्षणका क्रममा त्यहाँ पुगी कक्षा अवलोकन गर्दा प्राप्त भएका कुराहरु यहाँ प्रस्तुत गरिएका छन् ।

- कक्षा अलोकनका क्रममा कक्षा ३, ४ र ५ मा विद्यार्थी शहभागिता र विद्यार्थीको सक्रियता राम्रो पाइयो ।
- विद्यार्थीको उपस्थीति पनि राम्रो थियो, अन्य विषयको र यस विषयको शिक्षणका क्रममा विद्यार्थीको उपस्थितिमा के भिन्नता छ भनेर सोध्दा यस विषयमा नाच गान र खेल खेलाउने हुदा पनि विद्यार्थी सहभागिता धेरै हुने गरेको भन्ने धारणा पाइयो ।

- विद्यार्थी सक्रियताका समवन्धमा भन्नु पर्दा विद्यार्थीहरु नाच गान गर्न मादल बजाउन र विभिन्न वस्तुका चित्र कोर्न सक्रिय रहेको पाइयो यसरी चित्र कोर्न रङ्ग ब्रस गर्न शिक्षकले खाली प्रोत्साहन मात्र गर्ने गरेको पाइयो ।
- कक्षा १-२ मा पनि विद्यार्थी सहभागिता र सक्रियता ठिकै भए पनि पूर्ण रुपमा सवै विद्यार्थी सम्वन्धित शिक्षणका क्रममा सक्रिय नभएको पाइयो जसमा नाच, गानका क्रममा केही विद्यार्थीहरु आपसमा कुराकानी गर्ने र यताउता चल्ने गरेको पाइयो ।
- समग्रमा विद्यार्थी सक्रियता र सहभागिताका सम्वन्धमा भन्नु पर्दा मादल बजाउन, नाच्न, गाउन, अभिनय गर्न चित्र कोर्न जस्ता कार्यमा जानेको विद्यार्थीको सक्रियाता धेरै पाइयो र यसरी जानेका विद्यार्थीलाई नै शिक्षकले बढी प्रोत्साहन गर्ने गरेको पाइयो ।

**कक्षाकोठाको व्यवस्थापन**

कक्षाकोठाको व्यवस्थापनका सम्बन्धमा देखिएका कुराहरु यसप्रकार छन् :

- शिक्षणका लागि विद्यालयको बाहिरी वातावरण यपयुक्त पाइए पनि कक्षकोठाको वयवस्था सि.क. विषय शिक्षणका लागि व्यवस्थित नहुनुका साथै शैक्षिक सामग्रीको अभाव भएको पाइयो ।
- गीत सकिएपछि, शिक्षकले सवै विद्यार्थीलाई बाहिर मैदानमा ल्याएर मुसो विरालो खेल खेल्न भन्नु भयो । शिक्षकको निर्देशनबाट विद्यार्थी मैदानमा गोलवद्ध भएर बसे र एक जना विद्यार्थी विरालो र अर्को चाही मुसा वन्न तयार भए र दुवै जनाका आँखामा पट्टि बाँधी विद्यार्थीको घेरा विचमा अलग अलग ठाउँमा राखियो र जब मुसोले चिँ गर्थ्यो विरालो म्याउँ गर्दै मुसातिर जान्थ्यो । मुसालाई भेट्न गाह्रो भएको दृष्यबाट सबै विद्यार्थी थपडी बजाउदै पेट मिचिमिचि हाँसिरहेका थिए ।
- कक्षा शिक्षणको समयमा म अवलोकन गर्न जादाँ विद्यार्थीहरु चौरमा बसेर गीत गाउन र नाच्न व्यस्त थिए, शिक्षक त्यहीं कुर्सीमा बसेर हेरिरहनु भएको थियो । बस्नका लागि स्थान उपयुक्त भएपनि कक्षा वयवस्थापन त्यति प्रभावकारी थिएन ।
- यसरी कक्षा अवलोकन गर्दा कक्षाको व्यवस्थापन त्यति राम्रो पाइएन जसमा प्रयाप्त बेञ्च डेस्कको व्यवस्था थिएन विद्यार्थीहरु खादिएर बेञ्चमा बसेका थिए । कक्षा १ मा त खालि बेञ्चमात्र थिए । यसरी समग्रमा हेर्दा वयवस्थापन पक्षमा खासै प्रभावकारिता देखिएन ।

**मूल्याङ्कन प्रक्रिया**

सि.क. विषयको शिक्षणका क्रममा कक्षाकोठाको अवलोकन गर्दा यस विषयको शिक्षण पश्चात् मूल्याङ्कन गर्दा विद्यार्थीलाई लय मिलाएर गीत गाउन लगाउने, बाजा बजाउने लगाएर, वस्तुहरु वा विभिन्न चित्रहरु बनाउन लगाएर, चित्र देखाई चिन्न लगाएर वा तयार भएका वस्तुहरुको अवलोकन गर्न

लगाएर मूल्याङ्कन गर्ने गरेको पाइयो । यस विषयको विषयवस्तुको विस्तृतिकरण तालिकानुसार यस विषयको वार्षिक मूल्याङ्कन गर्दा, प्रश्नोत्तर, चित्रकला रंङ्ग, माटो पिठो वा अन्य वस्तुवाट विभिन्न वस्तुका आकार प्रकार बनाउन लगाएर, कागजका डुङ्गा, चरा, फूल, पात, बन्दुक बनाउन लगाएर र बनाएका वस्तुलाई चिन्न लगाएर मूल्याङ्कन गर्ने गरेको पाइयो । यसरी यो मूल्याङ्कन प्रक्रियालाई हेर्दा यसलाई अफै व्यवहारीक र विद्यार्थी सक्रियताका आधारमा उपयुक्त मूल्याङ्कन विधि प्रयोग गर्नुपर्ने देखिन्छ ।

मूल्याङ्कन प्रक्रियाका सम्वन्धमा तल्लो कक्षा वा कक्षा १-२ मा गाउन लगाएर घरका चराका चित्र कोर्न लगाएर मूल्याङ्कन गर्ने गरेको पाइयो भने ३, ४, ५ कक्षामा चित्र कोर्न लगाएर त्यसमा रंङ्ग भर्न लगाएर, नाच्न गाउन र माटो वालुवा वा पिठोबाट विभिन्न वस्तुका आकार बनाएर मूल्याङ्कन गरेको पाइयो ।

**शिक्षकको दक्षता र विषयवस्तुप्रतिको ज्ञान सम्वन्धमा**

सि.क. विषयलाई हाल पाठ्यक्रम प्रारुप २०६३ ले परिवर्तन गरी सिर्जनात्मक कला विषय मात्र राखिएको छ । यस विषयको शिक्षण गर्दा आवश्यक ज्ञान सीप र सामग्रीको अभावमा सम्भव पनि छैन ।

त्यसैले यस विषयमा संलग्न शिक्षकको दक्षता र र विषयवस्तुप्रतिको ज्ञानका सम्वन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्दा भूवनेश्वरी प्रा.वि. र पशुपति उच्च मा.वि. मा यस विषयमा शिक्षण गर्ने शिक्षकको बारेमा अध्ययन गर्दा पशुपति उच्च मा.वि.का २ जना विषय शिक्षकले प्राथमिक शिक्षक तालिम २.५ महिने गरेको र त्यही तालिमको आधारमा सि.क. विषय शिक्षण गर्ने गरेको पाइयो । यसरी कक्षामा हेर्दा शिक्षकले शिक्षण सामग्री, शिक्षण विधि, राम्रो तरिकाले प्रयोग गरेको पाइए पनि कक्षकोठाको व्यवस्थापन त्यही प्रभावकारी पाइएन । त्यसैगरी भूवनेश्वरी प्रा.वि.का २ जना शिक्षकले तालिम विना शिक्षक निर्देशिकाको आधारमा शिक्षण गर्ने गरेको धारणा पाइयो । यसरी शिक्षण गर्ने क्रममा पढाइको अनुभवका आधारमा धेरै कुरा जानेको र त्यही आधारमा शिक्षण गर्ने गरेको पाइयो । यसरी हेर्दा विषयगत दक्षता दुवै विद्यालयका शिक्षकमा विभित पक्षमा ज्ञान सीप नभएकाले प्रभावकारी शिक्षण गर्न कठिन हुने कुरा यथार्थ हो ।

यसरी प्र.अ. र शिक्षक उत्तरदाताबाट विद्यालयमा सि.क. विषय अध्यापन गर्ने शिक्षकको व्यवस्था गरिएको, शिक्षकले विषयगत दक्षता प्राप्त गर्न तालिमको अवसर नपाएको, हार्मोनियम, कीवोर्ड, धुँधुँरा, खैजडी र मादल जस्ता शैक्षिक सामग्री उपलब्ध भए पनि बजाउने सीप नभएका कारण मादल मात्र प्रयोगमा ल्याइएको भन्ने प्रतिक्रिया पाइयो । कक्षाकोठामा विद्यार्थीको बस्ने व्यवस्था राम्रो भएको, शिक्षकहरुलाई गाउने, नाच्ने, मादल बजाउने, चित्र लेख्ने माटो र कागजका सामग्री निर्माण गर्ने कला सम्वन्धि तालिम नभए पनि शिक्षक निर्देशिकाबाट आवश्यक ज्ञान प्राप्त भएको भन्ने प्रतिक्रिया व्यक्त भयो ।

विद्यार्थी अन्तवार्ता र कक्षा अवलोकनको आधारमा हेर्दा शिक्षकले यस विषयको शिक्षण प्रभावकारी रुपमा गर्न नसकेको, सि.क. विषय शिक्षण गर्दा कक्षामा मादल वाहेक अन्य शैक्षिक सामग्री

प्रयोग नभएको र विद्यालयमा पनि पर्याप्त मात्रामा शिक्षण सामग्रीको व्यवस्था नभएको तथा पठनपाठनका लागि पाठ्यपुस्तक, कक्षाकोठा व्यवसथापन पक्ष राम्रो नभएको पाइयो । सि.क. विषयको कक्षालाई केवल चित्र लेखन, झ्याउरे तथा लोकगीत गाउने र नाच्ने पिरियडको रुपमा मात्र उपयोग गरिएको, शिक्षक निर्देशिकाको आधारमा प्रत्येक विद्यार्थीलाई महत्व दिएर शिक्षण नगरिएको, संगित अन्तर्गत वादन र अभिनयलाई त्यति जोड नदिएको, हस्तकला र चित्र लेखनमा पनि रंगरोगन गर्ने कुरालाई महत्व नदिई सामान्य चित्र कोर्ने कुरामा मात्र जोड दिने गरिएको हुदा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पुरा हुन सक्ने खालको शिक्षण हुन नसकेको यस अध्ययनबाट देखिन आएको छ ।

**सि.क. विषयको आवश्यकता, महत्व र पाठ्यक्रमको स्थानवारे सरोकारवालाको धारणा**

सिर्जनात्मक अभिव्यक्तिशीलकला विषयको नाम परिवर्तन गरी हाल सिर्जनात्मक कला मात्र राखिएको छ । पाठ्यक्रम प्रारुप २०६३ ले प्राथमिक तहमा २० प्रतिशत पाठ्यक्रम स्थानीय तहमा निर्माण गरी लागु गर्नुपर्ने प्रावधानअनुसार यस विषयलाई समेटेको छ ।

यस विषयको महत्व आवश्यकताका बारेमा सरोकारवालासँगको धारणबाट विभिन्न विचारहरु व्यक्त भएको मुख्यतया यी विचारलाई यहाँ प्रस्तुत गरिएको छ ।

- सि.क. विषय स्थानीय संस्कृति र आफ्नो स्थानीय जनजीवनका रितिरिवाजलाई जोगाउन पनि आवश्यक र महत्वपूर्ण छ ।
- सि.क. विषय व्यवहारीक विषय भएकाले वालवालिकाले आफैले गरेर सिक्न सक्ने भएकोले यो महत्वपूर्ण छ ।
- शिक्षण सिकाइका लागि वालवालिकालाई उनीहरुको रुचीअनुसार वाल गीत वा खेलका माद्यामबाट पनि सिकाउन सकिन्छ, जसको ज्ञान लिन वालवालिका उत्सुक हुन्छन् ।
- स्थानीय गीत संगीतलाई जोगाई राख्न यस विषयलाई प्राथमिक तहमा सिमित गरीएकोमा हाल मात्र आधारभूत तहमा विस्तार गरिएको भए पनि यही तहमा सिमित नगरी माथिल्लो तहमा पनि राखिनु पर्ने धारण पाइयो ।
- यस विषयको प्रभावकारी शिक्षणका लागी आवश्यक सामग्री र शिक्षकलाई तालिमको व्यवस्था सरकारी स्तरबाटै गर्नुपर्ने कुरा व्यक्त भयो ।
- बालबालिकामा भएको अन्तर्निहित प्रतिभा प्रष्फुटन गर्न पनि यो विषयको महत्वपूर्ण छ भन्ने धारणा सरोकारवालाहरुबाट प्राप्त भएको छ ।

**जातियताका आधारमा**

सि.क.विषय भित्र संगती चित्रकला, हस्तकला र अभिनय जस्ता विभिन्न विद्याहरु समेटिएका छन् । मैले यस अध्ययनलाई २ वटा गा.वि.स.मा सिमित गरेका थिए । यसको उद्देश्यहरु यस २ वटा गा.वि.स.मा कुइकामा व्राह्मण र दलितमात्र बसोबास गर्छन् भने चाल्सामा प्राय क्षेत्री र दलितहरुको

वाहुल्यता छ । यसरी यी २ जातका विचमा यो विषयको शिक्षणका क्रममा जात अनुसार कस्तो व्यवहार गरिन्छ । त्यसलाई हेर्ने प्रयास गरेको छु । त्यसबाट प्राप्त केही कुराहरु यसप्रकार छन् ।

भुवनेश्वरी प्रा.वि. कुइकामा १ देखि ५ कक्षा सम्म ४७० जना विद्यार्थीमा २०० छात्रा र २७० छात्र रहेका छन् । जसमा यी सवै विद्यार्थीमा १८० जना दलित र २९० व्राह्मण जातका विद्यार्थी छन् । सि.क. विषयको कक्षामा हेर्दा वा बुझ्दा यहाँ जातअनुसार दलित र व्राह्मण जातका विद्यार्थीसँगै ननाच्ने सँगै नगाउने वा हरेक शिक्षण क्रियाकलापमा सँगै सहभागी नहुने गरेको पाइयो । यदि शिक्षकको करकापमा सँगै उपस्थित भएपनि साँझ घर गएपछि पानी र गाइको गहुत जिउमा फालेर घरभित्र पस्ने गरेको भन्ने धारणा पाइयो भने पशुपति उच्च मा.वि.मा यस विषयको शिक्षणका क्रममा विद्यार्थीहरु सँगै नाच्ने गाउने लगाएत अन्य क्रियाकलापमा सँगै सहभागी रहेको पाइयो ।

यसरी हेर्दा यस विषयको पाठ्यक्रममा राखिएका विषय वस्तुले जातजातिको विचमा केही फरक ल्याएपनि त्यो कारण एउटै छ, अशिक्षा र अज्ञानता ।

प्राथमिक तहमा सि.क. विषयमा संगीत (गायन, वाद, नृत्य र अभिनय) अन्तर्गत राष्ट्रिय गीत, कक्षगत गीत, सामुहिक राष्ट्रिय गीत, वालगीत, कविता लगाएत आफुले जानेका स्थानिय गीतहरु लय मिलाई गाउन र साथ स्वर (सा.रे.ग.म.प.ध.नि.शा.) आरोह अवरोह मिलाई भन्न नृत्य अभिनय अन्तर्गत आफुले सिकेका गितहरुमा नृत्य प्रस्तुत गर्न विभिन्न प्रणाीको वोली, हिडाईको नक्कल गर्न, पाठ्यपुस्तकमा भएका कथा वस्तुलाई अभिनय र नाटकिए ढङ्गबाट प्रस्तुत गर्न सक्ने छन् भनिएको छ भने चित्रकला अन्तर्गत सिसाकलम तथा इरेजरको प्रयोग गरी फलफुल, भाडाकुडा, घर, वृत, त्रिभूज, वर्ग, गिलास, कप, नेपालको नक्सा, टेवुल, दराज, पहाड, रूख जस्ता विभिन्न वस्तुको चित्रबनाई छाया र प्रकास दिन, आफुलाई मन पर्ने विभिन्न बुट्टा र चित्र बनाई रङ्ग भर्न सक्ने छन् भनिएको छ । त्यसैगरी हस्तकला अन्तर्गत माटोको प्रयोगबाट विभिन्न आकार बनाई चित्र संकलन गरी टास्न, स्थानीय वस्तु सावुन, मुला र आलु सतहमा काटिएको बुट्टा छाप्न माटोका फलफूल, पुतली, घडी, चरा, जनावर र अन्य स्थानीय सामग्रीबाट साधारण वस्तु बनाउन कागजबाट विभिन्न वस्तु फुल, चरा, डुङ्गा, गमला, हवाइजाहज र विभिन्न सामग्रीबाट आफूलाई मन पर्ने आकृति वा ढाँचाका वस्तुहरु बनाउन सक्ने छन् भन्ने उद्देश्य  राखिएको भएता पनी विद्यार्थीहरु सँग गरिएको अन्तवार्ता र कक्षा अवलोकनबाट प्राप्त कुराको आधारमा हेर्दा ति उद्देश्यहरु प्राप्त गर्न सकिने तरिकाबाट शिक्षकले शिक्षक निर्देसिकाको प्रयोग गरी पठनपाठन क्रियाकलाप, प्रभावकारी रुपमा गर्न नसकेको पाइन्छ । साथै यस अध्ययनबाट के देखिन्छ भने सरकारी स्तरबाट पाठ्यपुस्तक उपलब्ध गराउनु पर्ने र प्रभावकारी शिक्षणका लागि विषय शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गर्नुका साथै वाद्यवादनका सामग्री प्रयोग गर्ने सीप सम्वन्धि तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ । जसको आधारबाट यस विषयले तय गरेका उद्देश्य पुरा हुनुका साथै विद्यार्थीले पनि आवश्यक ज्ञान सीपहरु सिक्न सक्नु पर्छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

## परिच्छेद - ५

## प्राप्ति, निष्कर्ष र सुझाव

### ५.१ प्राप्ति

प्राथमिक तहमा सि.क. विषयको पाठ्यक्रम, सरोकारवालाको धारणा र पठन पाठनको अवस्था सम्बन्धी अध्ययन गरिएको यस अनुसन्धानबाट प्रँप्त कुराहरुलाई बुँदागत प्रस्तुत गरिएको छ ।

- सि.क. विषयको पाठ्यक्रमको व्यवस्था भए पनि पाठ्यपुस्तकको अभावका कारण विद्यालयस्तरमा प्रभावकारी शिक्षण हुन नसकेको ।
- सि.क. विषयको शिक्षँणका लागि विषयगत र तालिम प्राप्त र शिक्षकको व्यवस्था नभएको ।
- सि.क. विषयको पाठ्यक्रममा व्यवस्था गरिएका संगीत, चित्रकला र हस्तकला जस्ता विभिन्न विधालाई समान महत्वका साथ शिक्षण गर्ने नगरिएको केवल संगीत अन्तर्गत नाचगानलाई मात्र बढी जोड दिएर शिक्षण गर्ने गरेको ।
- विद्यालयमा सि.क. विषयले तय गरेका विधाअनुसार शैक्षिक सामग्रीको व्यवस्था नभएको वा शैक्षिक सामग्रीको अभाव रहेको ।
- शिक्षकहरुले यस विषयको शिक्षण तालिम लिन नपाए पनि शिक्षक निर्देशिकाबाट सामन्य धारणा विकास गरी शिक्षण गर्ने गरेको ।
- देशको कला र संस्कृतिको संरक्षण गर्न यस विषयलाई आधारभूत तहमा मात्र सीमित नगरी माथिल्लो कक्षासम्म लागू गर्नु पर्ने र यसरी लागू गर्दा पर्याप्त मात्रामा पाठ्यपुस्तक उपलब्ध गराउनुका साथै विषयगत शिक्षकलाई तालिम प्रदान गर्नु पर्ने धारणा पाइयो ।
- दलित र ब्राम्हणका छोराछोरी वा विद्यालयमा विद्यार्थी सँगै नाच्दा समाजमा नराम्रो मानिने र विद्यालयमा त्यसरी नाचेपछि घरमा गएर ब्राम्हणले छोराछोरीलाई पानी फालेर मात्र घरभित्र पस्न दिने गरेको पाइयो (जसलाई स्थानीय स्तरमा छिन फाल्ने भनिन्छ) ।
- सि.क. विषय स्थानीय संस्कृति र आफ्नो स्थानीय जनजीवनका रितिरिवाजलाई जोगाउन पनि आवश्यक र महत्वपूण छ ।
- स्थानीय गीत, संगीतलाई जोगाइ राख्न यस विषयलाई प्राथमिक तहमा मात्र सीमित नगरी माथिल्लो तहमा पनि राखिनु पर्ने धारणा पाइयो ।
- बालबालिकामा भएको अर्न्तनिहित प्रतिभा प्रष्फुटन गर्न पनि यो विषय महत्वपूर्ण छ

### ५.२ निष्कर्ष

प्राथमिक तहमा पठनपाठन गराइदै आएको सि.क. विषयको पाठ्यक्रम, सरोकारवालाको धारणा र पठनपाठनको अवस्था अध्ययनका लागि प्रत्यक्ष अर्न्तवार्ता (प्र.अ., विषय शिक्षक, विद्यार्थी र सरोकारवाला) कक्षा अवलोकनको प्रयोगबाट गरिएको यस अध्ययनबाट सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषय अन्तर्गत पर्ने संगीत (गायन, वाद्यवादन, नृत्य र अभिनय) चित्रकला र हस्तकला विधाहरु

पाठ्यक्रमले समावेश गरेको पाइयो । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले आधारभूत शिक्षामा कक्षा १-८ लाई तीन चरणमा विभाजन गरी व्यवस्था गरेको पाइयो र त्यसको उद्देश्य नं. ६ मा "सिर्जनात्मक तथा अभिव्यक्तिशील कला सीप विकास गर्ने" भन्ने राखिएको छ भने त्यसैमा "कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशिल सीपको विकास गर्ने" भएको छ । त्यसैगरी, "नेपाली कला सौन्दर्य, आदेश तथा वैशिष्ट्यहरुको संरक्षण सम्बर्द्धन र विस्तार तर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने भनिएको छ । यसरी विभिन्न उद्देश्यहरु राखिएका भएता पनि उद्देश्य प्राप्तिका लागि शिक्षण कार्य प्रभावकारी नभएको निष्कर्ष छ । जसमा पाठ्यपुस्तकमा भएका विधालाई समान महत्व दिएर शिक्षण नगरिएको, उपयुक्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग र व्यवस्था नभएको, संगीत, चित्रकला र हस्तकला वा सि.क. विषय शिक्षणमा दक्ष जनशक्ति नभएको वा अन्य विषय पढाउने शिक्षकले काम चलाउने गरेको र पाठ्यपुस्तकको अभाव भएको पाइयो । समग्रमा हेर्दा यस विषयलाई खाली नाचगान र मनोरञ्जनको विषयका रुपमा लिइ शिक्षँण गर्ने गरेको चित्रकला र हस्तकलाको शिक्षण गरिए पनि आवश्यक रंगरोगन गर्ने सीपको विकास गर्न नसकिएको र सामग्रीहरुको प्रयोग नगरिएको निष्कर्ष छ । यसरी यस विषयप्रतिको सरोकारवालाको धारणा बुझ्दा यस विषयले नेपाली कला संस्कृतिप्रति सकारात्मक सोचको विकास गरी संरक्षण र सम्बर्द्धनमा सहयोग गर्ने भएकोले यस विषयलाई माथिल्लो तहसम्म राख्नु पर्ने वा पढाउनुपर्ने तर हाल देखिएका समस्याहरु पाठ्यपुस्तकको अभाव, तालिम प्राप्त शिक्षकको अभाव र शैक्षिक सामग्रीको अभाव चाहिँ सरकारी स्तरबाटै पूर्ति गर्नु पर्ने भएकाले यस विषयले वा पाठ्यक्रमले राखेका उद्देश्य पूरा हुनुका साथै विद्यार्थीमा आवश्यक ज्ञान र सीप विकास हुन्छ भन्ने पाइयो । तर वर्तमानमा भने पाठ्यपुस्तक शैक्षिक सामग्री, तालिम प्राप्त शिक्षकको अभावमा र शिक्षक निर्देशिकाको सहयोग लिई पठनपाठन गर्ने गरिएकोले पठनपाठन प्रभावकारी रुपले हुन नसकेको निष्कर्ष रहेको छ ।

## ५.३ सुझाव

यस अध्ययनको क्रममा मैले संकलन गरी व्याख्या विश्लेषण गरेका विभिन्न पक्षहरुको आधारमा प्राप्ति, निष्कर्षका आधारमा केही सुझावहरु बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

- सि.क. विषयको पाठ्यपुस्तक उपलब्ध गराउने कार्य नेपाल सरकारबाट वा शिक्षा क्षेत्रका उपल्लो निकायबाट गरिनु पर्दछ जसको उपलब्धताबाट शिक्षण कार्य प्रभावकारी हुनेछ ।
- सि.क. विषय पढाउन प्रत्येक प्रा.वि.मा तालिम प्राप्त विषय शिक्षकको व्यवस्था हुनुपर्दछ । जसले विद्यार्थीलाई सही ज्ञान, सीप, र सीर्जनशिलता प्रदान गर्न सकोस ।
- सि.क. विषयलाई खाली नाचगान र मनोरञ्जनको विषयका रुपमा मात्र लिइनु हुँदैन । यसले त विद्यार्थीमा कला, सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशिल सीपको विकास गर्न सक्नु पर्दछ ।

- यस विषयभित्र समेटिएका विधालाई समान महत्वका आधारमा शिक्षण गरिनु पर्दछ र शिक्षणका लागि आवश्यक शैक्षिक सामग्रीको व्यवस्था र प्रयोग गरिनु पर्दछ ।
- सि.क. विषय शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्री सरकारी स्तरबाटै प्रत्येक विद्यालयलाई उपलब्ध गराइनु पर्दछ ।
- सि.क.विषयको पाठ्यपुस्तक पा.वि.के.द्वारा व्यवस्था गरी अन्य विषयको पाठ्यपुस्तक सरह उपलब्ध गराइनु पर्दछ ।
- सि.क. विषयको अध्ययन अध्यापन नेपाली कला सौन्दर्य, आदर्शहरुको संरक्षण एवं सम्बर्द्धन र विस्तार गर्ने दक्ष नागरिक तयार गर्न अभिप्रेरित हुनु पर्दछ ।
- यस विषयलाई नि.मा.वि. र मा.वि. तहमा विस्तार गरिनु पर्छ तर वर्तमानमा यस विषयप्रति देखिएका समस्या समाधान गरी यसलाई सशक्त र प्रभावकारी बनाई कार्यान्वयन गर्नु पर्दछ ।

## सन्दर्भ ग्रन्थहरु


आ.प्रा.शि.प. **विषय-विस्तृतीकरण** (प्राथमिक पाठ्यक्रम २०४९, खण्ड १ मा आधारित) प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी, भक्तपुर, २०५७।

आ.प्रा.शि.प. **शिक्षक निर्देशिका** (१-५) प्रथम संस्करण, प्राथमिक पाठ्यपुस्तक विकास इकाई, सानोठिमी, भक्तपुर, २०५०-०५२।

आ.प्रा.शि.प. **प्रँथमिक पाठ्यक्रम परिचयात्मक तालिम पुस्तिका** (कक्षा १, २) प्राथमिक तालिम तथा स्रोतकेन्द्र विकास एकाइ, सानोठिमी, भक्तपुर, २०४९-२०५०।

आ.प्रा.शि.प. **सिर्जनात्मक तथा अभिव्यक्तिशील कला र शारीरिक शिक्षा विषय सम्बन्धी तालिम पुस्तिका,** प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी, भक्तपुर, प्रथम संस्करण, २०५५।

आ.प्रा.शि.प. **संगीत/नृत्यका केही आधारभूत अभ्यास (शिक्षक सहयोगी सामग्री),** प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी, भक्तपुर, प्रथम संस्करण, २०५५।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, **प्राथमिक पाठ्यक्रम दिग्दर्शन,** सानोठिमी, भक्तपुर, २०५७।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय (प्रा.शि.ता. ३३० घण्टे, दोस्रो चरण सि.अ.) स्वाध्ययन सामग्री र रेडियो पाठसार, दुर शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर, २०५९।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, **पा.वि.के. राष्ट्रिय पाठ्यक्रम प्रारुप,** सानोठिमी, भक्तपुर, २०६३।

पा.पा.नि.वि.केन्द्र/आ.प्रा.शि.प., **प्राथमिक शिक्षा पाठ्यक्रम,** (खण्ड १, कक्षा १ देखि ५ सम्म) प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी, भक्तपुर, २०४९।

मल्ल, कोमल बदन र साथीहरु, **नेपालमा प्राथमिक शिक्षा,** शिक्षा शास्त्र संकाय डिनको कार्यालय, कीर्तिपुर, २०५६।

## अनुसूची १.१

## प्रधनाध्यापकका निमित्त अन्तरवार्ता प्रश्नावली

नाम : ................................................ अनुभव : ....................

विद्यालय : .......................................... तालिम : ....................

योग्यता : ........................................... स्थायी ☐ अस्थायी ☐

१. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषयको शिक्षणको लागि तपाईको विद्यालयमा शिक्षकको के कस्तो व्यवस्था छ ?

२. विद्यालयमा सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषयको पाठ्यक्रम र पाठ्यपुस्तक छ ?

३. विद्यालयमा शिक्षण सामग्रीको स्थिति के कस्तो छ ?

४. शिक्षण सामग्रीको व्यवस्थापन र प्रयोगको अवस्था कस्तो छ ?

५. शिक्षण सामग्रीको प्रयोगमा कुनै समस्या छ कि ?

६. शक्षण प्रभावकारिता ल्याउन विषय शिक्षकको लागि प्रयाप्त तालिमको अवसर प्राप्त भएको छ वा छैन ?

७. प्राथमिक तहमा यो विषय उपयुक्त छ ?

८. यसलाई प्राथमिक तहमा मात्र सिमित गरिएको छ यसप्रति तपाईको घरमा के छ ?

## अनुसूची १.२

## सिर्जनात्मक अभिव्यक्तिशील कला शिक्षण गर्ने शिक्षकका निमित्त अन्तरवार्ता प्रश्नावली

विद्यालय : ..........................................................................................

नाम : ...............................................................................................

योग्यता : ....................................... स्थायी/अस्थायी ...........................

तालिम : ..........................................................................................

अनुभव : .........................................................................................

१. विद्यालयमा सिर्जनात्मक विषय अध्यापन गर्न सामग्रीको अवस्था के कस्तो छ ?

२. कुनै सामग्री विद्यालय बाहिरबाट ल्याएर वा जुटाएर प्रयोग गर्नुहुन्छ ?

३. संगीतसम्बन्धी कुनै बाजाहरु बजाउन, गाउन र नाच्न सक्नुहुन्छ ?

४. विद्यार्थीहरुलाई गायन अन्तर्गत के कस्ता गीतहरु गाउन सिकाउनु हुन्छ ?

५. विद्यार्थीहरुलाई नृत्य अन्तगर्त (ताण्डव, लास्य, शास्त्रीय, लोकनृत्य) के कस्ता नृत्य सम्बन्धी अभ्यास गराउनु हुन्छ ?

६. अभिनय अन्तर्गत (आंगिक, वाचिक, आहार्य, सात्विक) के कस्ता अभिनय गर्न सिकाउनु हुन्छ ?

७. चित्रकला अन्तर्गत (किरमिरे, सरल रेखाचित्र, काल्पनिक चित्र र रङको बारेमा) शिक्षण गर्दा के कसरी गर्ने गर्नुहुन्छ ?

८. हस्तकलाअन्तर्गत (बुट्टा, छपाई, स्टेनशिल, कोलाज, मोज्याक, ओरिगामी र माटोका वस्तुको बारेमा) शिक्ष्ँण गर्दा के कसरी गर्ने गर्नुहुन्छ ?

९. तपाई सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषयवस्तु र पाठ्यक्रमको निर्धारण गरेको उद्देश्य बीच कस्तो सम्बन्ध देख्नुहुन्छ ?

१०. पाठ्यक्रममा भएका विषयवस्तु अन्तर्गत पर्ने क्रियाकलापहरुमा के कस्ता समस्याहरु देख्नु भएको छ ?

११. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषयसँग सम्बन्धित शैक्षिक सामग्रीहरुको प्रयोग सम्बन्धमा तपाईको क्षमताबारे बताइदिनु हुन्छ कि ?

## अनुसूची १.३

## विद्यार्थी अन्तरवार्ताको लागि प्रश्नावली

विद्यालय : ..........................................................................................

नाम : ................................................ ............................................

कक्षा : ............................................. गा.वि.स. : ...............................

छात्र ☐ छात्रा ☐

१. शिक्षकले कक्षामा सिर्जनात्मक तथा अभिव्यक्तिशील कला विषय पढाउँदा गर्दा के कुराको बारेमा सिकाउनु हुन्छ ?

२. सिर्जनात्मक तथा अभिव्यक्तिशील कला शिक्षण गर्दा कसरी गर्ने गर्नुहुन्छ ?

३. सिर्जनात्मक तथा अभिव्यक्तिशीलकला विषय शिक्षण गर्दा कक्षामा कुन कुन सामग्री प्रयोग गर्ने गर्नुहुन्छ ?

४. तिमी आपू सिर्जनात्मक अभिव्यक्तिशील कला अन्तर्गत के के गर्न सक्छौं ?

५. शिक्षकले कक्षामा गायन अन्तर्गत के कस्ता गीत गाउन सिकाउनु हुन्छ ?

६. वादनअन्तर्गत के कस्ता वाजाहरु बजाउन सिकाउनु हुन्छ ?

७. नाचअन्तर्गत के कस्तो नाच नाच्न सिकाउनु हुन्छ ?

८. हस्तकलाअन्तर्गत कक्षामा के के वस्तु बनाउन सिकाउनु हुन्छ ?

९. चित्रकलाअन्तर्गत के कस्ता खालका चित्रहरु बनाउन सिकाउनु हुन्छ ?

## अनुसूची २

## सिर्जनात्मक कला विषय शिक्षणको कक्षा अवलोकन फाराम

विद्यालयको नाम : ..........................................................................

ठेगाना : ..........................................................................................

शिक्षकको नाम : ..........................................................................

कक्षा : ................ विषय : .......................... कक्षा समयावधि .......... मिनेट

उपस्थित विद्यार्थी संख्या छात्र ............ छात्रा ............

कक्षाको विद्यार्थी भर्नासंख्या छात्र ............ छात्रा ............

शिक्षक कक्षा प्रवेश गरेको समय .... कक्षा छाडेको समय .... शिक्षण गरेको समय ....

१. शीर्षक : ..........................................................................

२. शिक्षण विधि : ..................................................................

३. शिक्षण सामग्री : ..............................................................

४. विद्यार्थीमा देखिएको सक्रियता : ..................................................

५. कक्षा कोठाको व्यवस्थापन : ......................................................

६. शिक्षण प्रभावकारिता : ..............................................................

७. शिक्षण सामग्रीको उपलब्धता : ..................................................

८. विद्यालयको वातावरण : ............................................................

## अनुसूची ३

## स्थानीय सरोकारवालालाई धारणाको औचित्य

वि.व्य.स. अध्यक्ष र सरोकारवालाका लागि प्रश्नावली

अभिभावकको नाम : शिक्षा :

उमेर : पेशा :

लिङ्ग : ठेगाना :

जाति :

१. तपाईका छोराछोरीको शैक्षिक विवरण बताईदिनुहोस् ?

२. सि.अ. विषय प्रति तपाईको धारणा बताईदिनुहोस् ?

३. यस विषयलाई प्रा.वि. तहमा सीमित गरिएको छ ? यसप्रति तपाईको धारणा के छ ?

४. सि.अ. विषय पढाउदा विद्यार्थीहरुको व्यवहारमा के परिवर्तन आएको छ ?

५. यस विषयको शिक्षणका क्रममा के भेदभाव भएको छ ?

६. यस विषयलाई कतिको महत्वपूर्ण ठान्नु हुन्छ ?

## अनुसूची - ४

## वि.व्य.स. अध्यक्ष एवं सरोकारवालाको नामावली

| विद्यालय | पशुपति उ.मा.वि., चाल्सा | भुवनेश्वरी प्रा.वि., कुइका |
|---|---|---|
| वि.व्य.स. अध्यक्ष | कटक ब. साउद | भवानी प्रसाद उपाध्याय |
| अभिभावक, सरोकारवाला | बखत ब. थापा, गंगाराम साउद, देउसिह थापा, ललित नेपाली | दुर्गा प्रसाद उपाध्याय, सालिमान सुनार, गणेश तिमिल्सेना, तारा वि.क. |

## अनुसूची ५

## कक्षा १ देखि ५ सम्म पढाइने विषय पाठ्यभार र अंक विभाजन

| विषयवस्तु | कक्षा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | | २ | | ३ | | ४ | | ५ | |
| | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १. नेपाली भाषा | १० | १५० | १० | १५० | १० | १५० | ८ | १०० | ८ | १०० |
| २. गणित | ८ | १५० | ८ | १५० | ८ | १५० | ६ | १०० | ६ | १०० |
| ३. अग्रेजी | - | - | - | - | - | - | ५ | १०० | ५ | १०० |
| ४. सामाजिक तथा वातावरण (स्वास्थ्य शिक्षा समेत) | ६ | १०० | ६ | १०० | ६ | १०० | - | - | - | - |
| ५. शारीरिक शिक्षा | ४ | ५० | ४ | ५० | ४ | ५० | ३ | ५० | ३ | ५० |
| ६. सिजनात्मक तथा अभिव्यक्तिशील कला | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७. वातावरणीय विज्ञान तथा स्वास्थ्य शिक्षा | - | - | - | - | - | - | ६ | १०० | ६ | १०० |
| ८. सामाजिक शिक्षा | - | - | - | - | - | - | ५ | १०० | ५ | १०० |
| ९. इच्छाधिन ( भाषा/अन्य) | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० |
| जम्मा | ३४ | ६०० | ३४ | ६०० | ३४ | ६०० | ३० | ७०० | ३० | ७०० |

## अनुसूची - ६

## प्र.अ. र सि.अ. विषय शिक्षण गर्ने शिक्षकहरुको विद्यालय सहितको नामावली

| क.सं. | नाम | दर्जा | विद्यालय |
|---|---|---|---|
| १. | चेतराज उपाध्याय | प्र.अ. | भुवनेश्वरी प्रा.वि., कुइका |
| २. | दिपनारायण कापैर | शिक्षक | भुवनेश्वरी प्रा.वि., कुइका |
| ३. | कृष्ण कुमारी थापा | शिक्षक | भुवनेश्वरी प्रा.वि., कुइका |
| ४. | भोजराज देवकोटा | प्र.अ. | पशुपति उच्च मा.वि., चाल्सा |
| ५. | चन्द्र सिंह साउद | शिक्षक | पशुपति उच्च मा.वि., चाल्सा |
| ६. | नयन सिंह साउद | शिक्षक | पशुपति उच्च मा.वि., चाल्सा |

## अनुसूची - ७

## विद्यार्थी उत्तरदाता विद्यालय र कक्षा सहितनको नामावली

### भुवनेश्वरी प्रा.वि., कुइका - १, अछाम

| क.सं. | छात्रको नाम | छात्राको नाम | कक्षा |
|---|---|---|---|
| १. | रमेश दास | सकुन्तला उपाध्याय | ५ |
| २. | रीता तिमिल्सैना | गोपि वि.क. | ४ |
| ३. | धर्मराज जैशी | सुश्री रेखा अछामी | ३ |
| ४. | लालु दास | सुश्री शुसीला भण्डारी | २ |
| ५. | रमा अधिकारी | गणेश भुल | १ |

### पशुपति उच्च मा.वि., चल्सा

| क.सं. | छात्रको नाम | छात्राको नाम | कक्षा |
|---|---|---|---|
| १. | अनिल कुमार साउद | रेशम सुनार | १ |
| २. | लोकेन्द्र वि.क. | रितु थापा | २ |
| ३. | दान बहादुर थापा | सुश्री कल्पना साउद | ३ |
| ४. | धौले नेपाली | सुश्री पवित्रा थापा | ४ |
| ५. | कमला वि.क. | दान बहादुर साउद | ५ |

## अनुसूची ८

## सिर्जनात्मक कला

तहगत उद्देश्यहरु : यस तह पूरा गरेपछि विद्यार्थीहरुले निम्न कार्य गर्न सक्षम हुनेछन् ।

१. स्थानीय क्षेत्रमा उपलब्ध वस्तुहरुको वस्तु परिचय दिनुका लागि साथै ती वस्तुहरुको प्रयोग गरी चित्र तथा वस्तु निर्माण गर्न ।

२. स्वतन्त्र रुपबाट आफ्नो कला अभिव्यक्त गर्न ।

३. स्थानीय क्षेत्रमा बजाउने बाजा, गीतहरुको बारे परिचय लिई प्रयोग गर्ने ।

४. स्थानीय क्षेत्रमा उपलब्ध वस्तुहरुको प्रयोग गरी सिर्जनात्मक सीपको विकास गर्ने ।

### विशिष्ट उद्देश्य (सिकाई उपलब्धी)

**विषय : दृश्यकला**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १) रेखा चित्रहरु | किरमिरे चित्रहरु कोर्न | मन परेको चित्रहरु कोर्न | वरपर रहेका वस्तुहरुको चित्र कोर्न | मन परेको वा काल्पनिक चित्र कोर्न | मनपर्ने दृश्य वा कुनै विषयवस्तुमा आधारित चित्र कोर्न |
| २) रङ्ग | रङ्ग सम्बन्धी विभिन्न प्रयोग गर्ने | स्थानीय उपलब्ध रङ्गहको प्रयोग गरी चित्र बनाउन | रङ्गको मिश्रण गरी अन्य रङ्ग निर्माण गरी चित्रमा प्रयोग गर्ने | मिश्रित रङ्गको निर्माण गरी चित्रमा प्रयोग गर्न | मिश्रित रङ्गको प्रयोग गरी चित्र निर्माण गर्न |
| ३) बुनाई | | | | स्थानीय उपलब्ध वस्तुहरुको प्रयोग गरी बुनाई कार्य गर्ने | स्थानीय उपलब्ध वस्तुहरुको प्रयोग गरी बुनाइ कार्य गर्न |
| ४) माटोको काम | विभिन्न तरिकाले माटोको प्रयोग गर्ने | विभिन्न प्रकारका आकारप्रकार बनाउन | विभिन्न प्रकारका आकार वस्तुहरु बनाउन | माटोको डल्लाहरु एक आपसमा जोडी वस्तु बनाउन तयार भएका माटाका वस्तुहरुमा रङ्गको प्रयोग गर्न | वस्तु बनाइ रङ्गको प्रयोग गर्न विभिन्न प्रकारका बट्टाहरु बनाउन |

## विषयवस्तुहरुको क्षेत्र र क्रम

**विषय : दृश्यकला**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| १) रेखा चित्रहरु | किरमिरे चित्रहरु कोर्न - २ घण्टी | मन परेको चित्रहरु कोर्न - २ घण्टी | वरपर रहेका वस्तुहरुको चित्र कोर्न - २ घण्टी | मन परेको वा काल्पनिक चित्र कोर्न - २ घण्टी | मनपर्ने दुश्य वा कुनै विषयवस्तुमा आधारित चित्र कोर्न - २ घण्टी |
| २) रङ्ग | रङ्ग सम्बन्धी विभिन्न प्रयोग गर्ने - ३ घण्टी | स्थानीय उपलब्ध रङ्गहको प्रयोग गरी चित्र बनाउन - ३ घण्टी | रङ्गको मिश्रण गरी अन्य रङ्ग निर्माण गरी चित्रमा प्रयोग गर्ने - ३ घण्टी | मिश्रित रङ्गको निर्माण गरी चित्रमा प्रयोग गर्न - ३ घण्टी | मिश्रित रङ्गको प्रयोग गरी चित्र निर्माण गर्न - ३ घण्टी |
| ३) बुनाई | | | | स्थानीय उपलब्ध वस्तुहरुको प्रयोग गरी बुनाई कार्य गर्ने - ३ घण्टी | स्थानीय उपलब्ध वस्तुहरुको प्रयोग गरी बुनाइ कार्य गर्न - ३ घण्टी |
| ४) माटोको काम | विभिन्न तरिकाले माटोको प्रयोग गर्ने - ३ घण्टी | विभिन्न प्रकारका आकारप्रकार बनाउन - ३ घण्टी | विभिन्न प्रकारका आकार वस्तुहरु बनाउन - ३ घण्टी | माटोको डल्लाहरु एक आपसमा जोडी वस्तु बनाउन तयार भएका माटाका वस्तुहरुमा रङ्गको प्रयोग गर्न - ३ घण्टी | वस्तु बनाइ रङ्गको प्रयोग गर्न विभिन्न प्रकारका बट्टाहरु बनाउन - ३ घण्टी |

## संगीत विशिष्ट उद्देश्य (सिकाई उपलब्धी)

**विषय : दृश्यकला**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| गायन र वादन | आङ्नो घरवरपर गाइने गीतहरुलाई ताली दिएर समूहमा गाउने | - आङ्नो घर वरपर गाइने गीतहरुलाई समूह वा एकल गायन, - स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीको प्रयोग गरी गीतमा बजाउने कार्य | - स्थानीय क्षेत्रमा गाइने गीतहरुलाई तालमा एकल वा समूहमा गायन, - स्थानीइ क्षेत्रमा प्रयोग हुने बाजाको साधारण रुपमा एक्लाएक्लै बजाउने कार्य | - स्थानीय गीत वा संचार माध्यमबाट प्रसारण हुने गीतहरुलाई समूहमा एकलाएक्लै गाउन - गीतमा स्थानीय बाजालाई एकल वा समूहमा बजाउने कार्य | - स्थानीय गीत वा संचार माध्यमबाट प्रसारण हुने गीतहरु समूह वा एकल गायन - गीतमा स्थानीय बाजालाई एकल वा समूह गायन |
| नृत्य | आङ्नो वरपर गाइने गीतमा समूहमा हात खुट्टा चाल्न | आङ्नो वरपर गाइने गीतमा समूह वा एक्लाएक्लै हात खुट्टामा चाल्न | स्थानीय गीतमा लय मिलाएर समूह वा एकल हात खुट्टा चलाउँदै नृत्य | स्थानीय गीतमा लय मिलाएर समूह वा एकल रुपमा हात, खुट्टा तथा कम्मर चलाएर नृत्य | स्थानीय संचार माध्यमबाट प्रसारण गीतमा समूह वा एकल नृत्य |
| अभिनय | आङ्नो वरपर पाइने पशुपंक्षीका आवाज र हिंडाइको नक्कल गर्ने | आङ्नो वरपर पाइने पशुपंक्षीका हिंडाइ, उफ्राइ, तथा आवाजको नक्कल | - मानव चरित्रको हिडाइ, बोलाइको अभिनय - पशुपंक्षीहरुको आवाजको नक्कल | मानव चरित्रको संवाद सहित हिडाइ र बोलीको अभिनय | मानव चरित्रका पाठ्यपुस्तकमा भएका कुनै कथाका चरित्रको संवादसहित अभिनय |

**विषयवस्तुको क्षैत्र र क्रम**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| गायन र वादन | आङ्नो घरवरपर गाइने गीतहरुलाई ताली दिएर समूहमा गाउने - ४ घण्टी | - आङ्नो घर वरपर गाइने गीतहरुलाई समूह वा एकल गायन, - स्थानीय क्षेत्रमा उपलब्ध सामग्रीको प्रयोग गरी गीतमा बजाउने कार्य - ४ घण्टी | - स्थानीय क्षेत्रमा गाइने गीतहरुलाई तालमा एकल वा समूहमा गायन, - स्थानीइ क्षेत्रमा प्रयोग हुने बाजाको साधारण रुपमा एक्लाएक्लै बजाउने कार्य - ४ घण्टी | - स्थानीय गीत वा संचार माध्यमबाट प्रसारण हुने गीतहरुलाई समूहमा एकलाएक्लै गाउन - गीतमा स्थानीय बाजालाई एकल वा समूहमा बजाउने कार्य - ४ घण्टी | - स्थानीय गीत वा संचार माध्यमबाट प्रसारण हुने गीतहरु समूह वा एकल गायन - गीतमा स्थानीय बाजालाई एकल वा समूह गायन - ४ घण्टी |
| नृत्य | आङ्नो वरपर गाइने गीतमा समूहमा हात खुट्टा चाल्न - ३ घण्टी | आङ्नो वरपर गाइने गीतमा समूह वा एक्लाएक्लै हात खुट्टामा चाल्न - ३ घण्टी | स्थानीय गीतमा लय मिलाएर समूह वा एकल हात खुट्टा चलाउँदै नृत्य - ३ घण्टी | स्थानीय गीतमा लय मिलाएर समूह वा एकल रुपमा हात, खुट्टा तथा कम्मर चलाएर नृत्य - ३ घण्टी | स्थानीय संचार माध्यमबाट प्रसारण गीतमा समूह वा एकल नृत्य - ३ घण्टी |
| अभिनय | आङ्नो वरपर पाइने पशुपंक्षीका आवाज र हिंडाइको नक्कल गर्ने - १ घण्टी | आङ्नो वरपर पाइने पशुपंक्षीका हिंडाइ, उफ्राइ, तथा आवाजको नक्कल - १ घण्टी | - मानव चरित्रको हिडाइ, बोलाइको अभिनय - पशुपंक्षीहरुको आवाजको नक्कल - १ घण्टी | मानव चरित्रको संवाद सहित हिडाइ र बोलीको अभिनय - १ घण्टी | मानव चरित्रका पाठ्यपुस्तकमा भएका कुनै कथाका चरित्रको संवादसहित अभिनय - १ घण्टी |